# राष्ट्रिय समावेशी आयोग

## सातौं वार्षिक प्रतिवेदन

### आ.व. २०८१/०८२





राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर, नेपाल

२०८२

# राष्ट्रिय समावेशी आयोग
पुल्चोक, ललितपुर, नेपाल


विषय : सातौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
राष्ट्रपति भवन, शितलनिवास, काठमाडौं

नेपालको संविधानको धारा २९४ बमोजिम राष्ट्रिय समावेशी आयोगले आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका काम कारबाहीको सातौं वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।


| | | |
|---|---|---|
| मान प्रसाद खत्री | पुष्पराज तिमिल्सिना | हरिदत्त जोशी |
| सदस्य | सदस्य | का.वा. अध्यक्ष |


Website: www.ninc.gov.np
Email: info@ninc.gov.np
Phone No.: 01-5555237, 55555329
Fax No.: 01-5555236


# आयोगका पदाधिकारीहरू



**हरि दत्त जोशी**
कार्यवाहक अध्यक्ष



**पुष्पराज तिमिल्सिना**
सदस्य



**मान प्रसाद खत्री**
सदस्य

## आयोगका सचिव



**कुमार प्रसाद दहाल**

# मन्तव्य

नेपालको संविधानको धारा २५९ तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ ले राष्ट्रिय समावेशी आयोगलाई खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि कार्यान्वयनमा रहेका विद्यमान नीति, कानून तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको अनुगमन, अध्ययन अनुसन्धान गरी सुधारका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, उल्लिखित वर्ग, क्षेत्र र समुदायको सशक्तीकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने, उल्लिखित वर्ग, क्षेत्र र समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने लगायतका कार्य जिम्मेवारी तोकेको छ। आर्थिक वर्ष २०८१/८२ मा उक्त जिम्मेवारी अनुरुपको कार्य सम्पादन गरी राष्ट्रिय समावेशी आयोगको सातौं बार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपति समक्ष पेश गरेको छु।

नेपालको संविधान, राष्ट्रिय समावेशी आयोग ऐन,२०७४ तथा नियमावली, २०७९, समावेशीकरण सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू, लक्षित वर्गसँग सम्बन्धित कानूनहरू सामाजिक न्याय तथा समावेशीकरण सम्बन्धी सिद्धान्त, दिगो विकास लक्ष्य, सोह्रौं योजना र नेपाल सरकारको नीति तथा कार्यक्रम समेतको आधारमा यस आयोगले कार्य सम्पादन गर्दै आएको छ। आयोगले आर्थिक वर्ष २०८१/८२ को बार्षिक कार्यक्रममा उल्लिखित करिब सबै कार्यक्रम सम्पन्न गरी कूल बजेटको ८५.४३ प्रतिशत वित्तीय प्रगति गरेको छ भने सात विषयमा तेत्तीस बुँदामा नेपाल सरकारलाई सिफारिस गरेको छ।

विपन्न खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रूपले विपन्न वर्गको शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनका लागि राज्यले विभिन्न किसिमका कानूनी तथा नीतिगत व्यवस्था गर्नुका साथै अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र लोपोन्मुख समुदायलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ। राज्यले समावेशीकरणलाई सार्थक बनाउन माथि उल्लिखित वर्ग, समुदायलाई आर्थिक रुपमा सक्षम र सबल बनाउनुका साथै शिक्षा, स्वास्थ्य र रोजगारीमा सहज पहुँचको अवस्था सिर्जना गर्नु पर्दछ। यसका साथै विभिन्न जातजाति र समुदायको सभ्यता, संस्कृति,

धर्म, भाषा र लिपिको संरक्षण र सम्वर्द्धन गर्नु पर्दछ ।यसको लागि राष्ट्रिय समावेशी आयोगले संविधान र राष्ट्रिय समावेशी आयोग ऐनले प्रदत भूमिका निर्वाह गर्न आफूलाई सशक्तरुपमा प्रस्तुत गर्नु पर्दछ।

आयोगको बार्षिक कार्य सम्पादनको क्रममा सहकार्य एवम् समन्वय गर्नुका साथै कार्य प्रगति हासिल गर्न सहयोग गर्ने नेपाल सरकारका संघीय मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहलाई हार्दिक धन्यवाद दिन चाहन्छु। आयोगको कार्यसम्पादनको क्रममा समन्वय तथा सहजीकरण गर्नुहुने संसदिय समिति, मानव अधिकार आयोग र अन्य आयोगहरूप्रति आभार व्यक्त गर्दछु। त्यसैगरी, यस आयोगको अध्ययन अनुसन्धान तथा कार्यक्रममा सहकार्य एवम् सहयोग गर्नुहुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था र आयोगको अध्ययनमा संलग्न परामर्शदाता विज्ञहरूलाई धन्यवाद दिन चाहन्छु। अन्त्यमा, आयोगको बार्षिक कार्य सम्पादन र प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउनु हुने आयोगका पदाधिकारी र सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।

**हरि दत्त जोशी**
**कार्यवाहक अध्यक्ष**
**राष्ट्रिय समावेशी आयोग**

# प्रतिवेदन सारांश

१. राष्ट्रिय समावेशी आयोग संवैधानिक आयोगको रुपमा स्थापित संस्था हो। यसको स्थापना आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पछाडि परेका खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने तथा आर्थिक रुपले विपन्न लगायतका वर्ग, समुदाय र क्षेत्रका नागरिकको हक अधिकार संरक्षणका लागि अध्ययन अनुसन्धान गरी उनीहरूको सशक्तीकरण र विकास गर्न सरकारलाई सिफारिस गर्ने कार्यका लागि भएको हो। यसैगरी ती वर्ग, समुदाय र क्षेत्रको समावेशीकरणका लागि सरकारले अवलम्बन गरेका नीति तथा कानून कार्यान्वयनको अवस्था अध्ययन गरी सुझाव दिने र कानूनमा समयानुकूल परिमार्जनको सिफारिस गर्नु आयोगको जिम्मेवारी रहेको छ।

२. आयोगले उल्लिखित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र तिनीहरूको सशक्तीकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने काम समेत गर्नु पर्ने हुन्छ।

३. नेपालको संविधानको धारा २५९, तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ मा उल्लिखित काम, कर्तव्य र अधिकार, संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र राज्यका नीति, दिगो विकास लक्ष्य, आवधिक योजनाले लक्षित गरेका नीति तथा कार्यक्रम, समावेशीताका सम्बन्धमा नेपालले गरेको अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा प्रतिबद्धताहरू नै यस आयोगको कार्य सम्पादनका मुख्य आधारहरू हुन।

४. नेपालको संविधान, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम पाएको जिम्मेवारी वहन गर्न, आफ्नो कार्य जिम्मेवारीलाई प्राथमिकीकरण गरी कार्यान्वयन गर्नको लागि आयोगले "आयोगको रणनीतिक योजना (२०७८/७९-२०८२/८३) को रणनीतिक खाका र कार्यान्वयन कार्ययोजना" कार्यान्वयनमा ल्याएको छ। आयोगले आफ्नो कार्यक्षेत्र भित्र रही अध्ययन अनुसन्धान गरी राज्य संरचनामा लक्षित वर्गको सहभागिता, संरक्षण र सशक्तीकरणका लागि नीति तथा कार्यक्रम सम्बन्धमा सरकार समक्ष सिफारिस गर्दै आएको छ।

५. आयोगमा हाल तीन जना सदस्य पदाधिकारी एवम् राजपत्रांकित प्रथम श्रेणीको सचिव समेत २२ जना कर्मचारीहरू कार्यरत रहेका छन्।

६. आर्थिक वर्ष २०८१/८२ मा आयोगले आफ्नो कार्यक्षेत्रका विभिन्न विषयमा केन्द्र, प्रदेश तथा स्थानीयस्तरमा गोष्ठी, छलफल, अन्तरक्रिया र स्थलगन अनुगमन गरेको छ भने विभिन्न विषयमा अध्ययन/अनुसन्धान समेत गरेको छ।

७. आयोगबाट भए गरेका अध्ययन/अनुसन्धान, गोष्ठी, अन्तरक्रिया, छलफल र स्थलगत अनुगमन समेतका आधारमा प्रतिवेदन वर्षमा आयोगले श्रमिक, राज्य संरचनामा किसानको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक जातजाति, उच्च शिक्षामा समावेशीकरण, पिछडिएको क्षेत्र पहिचान, ज्येष्ठ नागरिक विषयमा ३३ बुँदामा नेपाल सरकारलाई सिफारिस गरेको छ। साथै आधारभूत तह (कक्षा १-८) को सामाजिक विषयको पाठ्यक्रमलाई समावेशी बनाउने सम्बन्धमा सुझावहरू कार्यान्वयनको लागि पाठ्यक्रम विकास केन्द्रमा सिफारिस गरेको छ।

८. आर्थिक वर्ष २०८१/८२ को लागि आयोगको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा समावेश भएका करिब सबै कार्यक्रमहरु सम्पन्न भएका छन्।

९. आयोगको कार्यक्षेत्र भित्र पर्ने आर्थिक रुपले विपन्न वर्ग र अल्पसंख्यक एवम् सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्रको पहिचानका आधार र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु, आयोगको कार्यक्षेत्रको व्यापकता अनुसार बजेट तथा आवश्यक जनशक्तिको व्यवस्थापन नहुनु, अपर्याप्त र कमजोर भौतिक संरचनाका कारण उपयुक्त कार्यवातावरणको अभाव हुनु, आयोगबाट भएका सिफारिसको कार्यान्वयन अवस्था कमजोर हुनु, आयोगप्रति सरकारात्मक धारणाको विकास हुन नसक्नु, लक्षित वर्गसँग सम्बन्धित खण्डिकृत तथ्याङ्कको अभाव जस्ता आयोगका समस्या रहेका छन्।

१०. तीनै तहका निकाय र आम नागरिकमा समावेशीकरण सम्बन्धी बुझाईमा एकरुपता कायम गर्नु, आयोगको कार्यक्षेत्र भित्र पर्ने आर्थिक रुपले विपन्न वर्ग र अल्पसंख्यक एवम् सीमान्तकृत समुदायको पहिचानका स्पष्ट आधार र मापदण्ड निर्धारण गर्नु, विभिन्न आयोगहरू बीच कार्यक्षेत्रका सम्बन्धमा देखिएका दोहोरोपनाको अन्त्य गर्नु, लक्षित वर्गका सम्बन्धमा दिईएका सिफारिसहरु सम्बन्धित निकायबाट कार्यान्वयन गराउनु, खस आर्य र पिछडा वर्गको थर सूचीकरण सम्बन्धमा आयोगले गरेको सिफारिस मन्त्रिपरिषद्बाट स्वीकृत गराई कार्यान्वयन गराउनु, आयोगको प्रशासनिक संरचना र पूर्वाधारलाई अनुसन्धानमैत्री बनाउनु, लक्षित वर्गको सशक्तीकरण एवम् हित अभिवृद्धि सम्बन्धमा नेपाल सरकारद्वारा संचालित कार्यक्रमहरूको सघन अनुगमन गरी रचनात्मक पृष्ठपोषण प्रदान गर्नु यस आयोगका चुनौतीहरू रहेका छन्।

११. आयोगले समावेशीताको सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू संचालन गर्नु, आयोगबाट भएका सिफारिसहरू कार्यान्वयन गराउनु, आर्थिक रुपले विपन्न वर्ग, पिछडिएको क्षेत्र र अल्पसंख्यक एवम् सीमान्तकृत समुदायको पहिचानका आधार र मापदण्डलाई स्पष्ट बनाउनु आवश्यक रहेको छ।

# बिषयसूची


## परिच्छेद - एक

## आयोगको गठन र कार्यक्षेत्र

१.१ पृष्ठभूमि १

१.२ आयोगको गठन २

१.३ आयोगको काम, कर्तव्य र अधिकार २

१.४ आयोगको कार्यसम्पादनका आधारहरू ४

## परिच्छेद - दुई

## आयोगको संगठन संरचना, वित्तीय स्थिति र भौतिक स्रोत साधनको अवस्था

२.१ संगठन संरचना ६

२.२ दरबन्दी र पदपूर्तिको अवस्था ७

२.३ वित्तीय स्थिति ८

२.३.१ बजेट, निकासा र खर्च ८

२.३.२ राजश्व, धरौटी र विविध ९

२.४ भौतिक स्रोत साधनको अवस्था ९

## परिच्छेद - तीन

## आयोगको वार्षिक कार्यक्रम र कार्यान्वयनको अवस्था

३.१ आयोगको कार्यसम्पादन १०

३.२ आयोगको बैठक तथा निर्णय ११

३.३ वार्षिक कार्यक्रम ११

३.४ आयोगबाट सम्पादित मुख्य कार्यहरू १२

३.४.१ अध्ययन-अनुसन्धान १३

३.४.२ छलफल तथा अन्तरक्रिया र चेतनामूलक कार्यक्रम २१

३.४.३ प्रकाशन २३

३.४.४ अनुगमन २४
३.४.५ नीतिगत परामर्श २५
३.४.६ संस्थागत क्षमता विकास तथा अन्य गतिविधिहरू २६
३.४.७ अन्य निकायसँग समन्वय र सहकार्य २७

**परिच्छेद - चार**

**आयोगका सिफारिस र सिफारिस कार्यान्वयनको अवस्था**

४.१ नीतिगत सिफारिस २८
४.२ सुझाव सम्बन्धमा ३२
४.३ सिफारिस कार्यान्वयनको अवस्था ३२

**परिच्छेद - पाँच**

**समस्या तथा चुनौतीहरू**

५.१ समस्याहरू ३८
५.२ चुनौतीहरू ३८

**परिच्छेद - ६**

**आगामी कार्यदिशा**

६.१ लक्षित वर्गको हकहित सम्बन्धी ४०
६.२ आयोगको सांगठनिक सुदृढीकरण सम्बन्धी ४२
६.२.१ भौतिक संरचनाको सुदृढीकरण ४२
६.२.२ वित्तीय व्यवस्थापन ४२
६.३ सचेतना अभिबृद्धि ४२

**अनुसूचीहरु**

अनुसूची - १ आर्थिक वर्ष २०८१/८२ मा आयोगमा कार्यरत कर्मचारीहरूको नामावली ४३
अनुसूची - २ आयोगको खर्च भएर नजाने भौतिक सामाग्रीहरूको विवरण ४५
अनुसूची - ३ आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम तर्फको विनियोजित बजेट र खर्च रकम ४७
राष्ट्रिय समावेशी आयोगका गतिविधि झल्कने केही तस्वीरहरु ५१

# परिच्छेद — एक
# आयोगको गठन र कार्यक्षेत्र

## १.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख छ। मौलिक हक अन्तर्गत समानताको हक, श्रमको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ। राज्यका निर्देशक सिद्धान्त अन्तर्गत समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने उल्लेख छ । त्यसैगरी राज्यका नीति अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अवलम्बनको सुनिश्चितता गरेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा पक्ष राष्ट्र भई मानवअधिकार तथा समावेशीकरण सम्बन्धमा कार्य गर्ने प्रतिबद्धता र दिगो विकासका लक्ष्यको कार्यान्वयनको सम्बन्धमा गरेका प्रतिबद्धता पुरा गर्न नेपाल सरकारले विभिन्न मन्त्रालय तथा संवैधानिक आयोगको साथै राष्ट्रिय समावेशी आयोगको गठन गरेको छ।

नेपालको संविधानको भाग २७ को धारा २५८ र २५९मा क्रमशः राष्ट्रिय समावेशी आयोगको गठन र आयोगको काम, कर्तव्य तथा अधिकारको व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ तथा राष्ट्रिय समावेशी आयोग नियमावली, २०७९ ले राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकारको कार्यान्वयनको लागि आवश्यक व्यवस्था गरेको छ।

संविधान एवम् राष्ट्रिय समावेशी आयोग ऐन अनुसार आयोगको कार्यक्षेत्र अन्तर्गत खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय, पिछडिएको वर्ग, पिछडिएको क्षेत्र, कर्णाली र आर्थिक रुपले विपन्न वर्ग एवम् समुदाय रहेका छन्। राज्य संयन्त्रमा ती वर्गको पहुँच एवम् प्रतिनिधित्व बढाउनुका साथै तिनीहरूको हक, अधिकारको संरक्षण एवम् सम्बर्द्धनका लागि अध्ययन/अनुसन्धान गरी नेपाल सरकारलाई नीतिगत तथा कार्यक्रमगत सुधार गर्नको लागि राय/सुझाव एवम् सिफारिस प्रदान गर्नु यस आयोगको प्रमुख काम रहेको छ।

आयोगले स्थापना कालदेखि प्रतिवेदन वर्षको अवधिसम्म आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयहरूमा अध्ययन गरी ३७ वटा विषयको ३१२ बुँदामा नेपाल सरकारलाई सिफारिस गरेको छ।

## १.२ आयोगको गठन

नेपालको संविधानको भाग २७ अन्तर्गत धारा २५८ को उपधारा (१) मा राष्ट्रिय समावेशी आयोगको गठन सम्बन्धी व्यवस्था छ। जसअनुसार आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने प्रावधान छ। सोही धाराको उपधारा (२) मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था रहेको छ भने उपधारा (३) मा आयोगका अध्यक्ष तथा सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था छ। हाल आयोगमा तीन जना सदस्यहरू वहाल रहेको र अध्यक्ष एवम् सदस्य सहित दुई पद रिक्त रहेको अवस्था छ।

## १.३ आयोगको काम, कर्तव्य र अधिकार

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण, प्रतिनिधित्व, सशक्तीकरण, विकास र सहभागिताको लागि अध्ययन, अनुसन्धान तथा अनुगमनको माध्यमबाट नीति, कानून तथा कार्यक्रमको बारेमा नेपाल सरकारलाई सिफारिस गर्ने संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोग स्थापना भएको हो। नेपालको संविधानको धारा २५९ मा उल्लेख भए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

(क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने,

(ख) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानूनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ङ) कर्णाली र पिछडिएको क्षेत्रको विकास र समृद्धिका लागि अवलम्बन गर्नु पर्ने नीति र कार्यक्रमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकूल परिमार्जनका लागि सिफारिस गर्ने,

(छ) अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभूत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रूपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने।

राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा देहाय बमोजिम आयोगको काम, कर्तव्य र अधिकारलाई उल्लेख गरिएको छः

(क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा,

साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ङ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो वर्ग वा समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(च) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सबै प्रकारको शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(छ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

(ज) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(झ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ञ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायका सन्दर्भमा लिइने नीति, कार्यक्रम तथा निर्णयका सम्बन्धमा नेपाल सरकार र अन्य संघ संस्थाहरूसँग आवश्यक समन्वय गर्ने,

(ट) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने वा गराउने,

(ठ) आयोगको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

## १.४ आयोगको कार्यसम्पादनका आधारहरू

संविधान प्रदत्त नागरिकका मौलिक हकहरू मुख्यत: श्रमको हक, ज्येष्ठ नागरिकको हक, समानताको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, स्वतन्त्रताको हक लगायत विभिन्न समुदाय वा समूहका हकलाई आयोगले कार्यसम्पादनको मुख्य आधारको रुपमा लिएको छ । यी हक अन्तर्गत सबै नागरिकहरू राज्यको दृष्टिमा समान रहने तर आर्थिक वा सांस्कृतिक रुपमा पिछडिएको वर्ग वा समुदायको संरक्षण, विकास र सशक्तीकरणका लागि विशेष व्यवस्था गर्न सकिने प्रावधानका साथै आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग, समुदायको समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका प्रत्येक निकायमा सहभागिता हुने, आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति,

बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षा प्रदान गर्ने समेत व्यवस्था रहेको छ।

समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यको स्थापना गर्ने, सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने विषय राज्यका निर्देशक सिद्धान्तहरूमा उल्लेख गरिएको छ। किसानको हक हित संरक्षण र सम्वर्द्धन गर्दै कृषि उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यावसायीकरण, औद्योगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने, कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षाको प्रत्याभूत गर्ने र सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति राज्यले अवलम्बन गर्ने राज्यका नीतिमा उल्लेख छ। साथै आयोगले राज्यका निर्देशक सिद्धान्त एवम् राज्यका नीतिहरूमा अल्पसंख्यक, सीमान्तीकृत, पिछडा वर्ग, उत्पीडित तथा पिछडिएको क्षेत्र र विपन्न वर्गको संरक्षण, उत्थान, सशक्तीकरण र विकासको लागि विशेष व्यवस्था गर्ने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता दिने व्यवस्था लगायतका संवैधानिक प्रावधानहरूलाई समेत आफ्नो कार्यसम्पादनका आधारहरूको रुपमा अङ्गीकार गरेको छ।

नेपालको संविधानको धारा २५९ र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा उल्लिखित आयोगको काम, कर्तव्य र अधिकार, दिगो विकास लक्ष्य, सोह्रौं योजनाले लक्षित गरेका रुपान्तरणकारी रणनीति तथा कार्यक्रम, अन्तर्राष्ट्रिय कानून र नेपालले संयुक्त राष्ट्र संघ र यस अन्तर्गतका निकायहरू लगायत अन्तर्राष्ट्रिय संघ संस्थासँग गरेका सन्धि सम्झौता एवम् प्रतिवद्धता यस आयोगको कार्यसम्पादनका अन्य आधार हुन्।

यसका साथै राष्ट्रिय हित, सार्वजनिक हित, सामाजिक कल्याण र कमजोर वर्गको विशेष संरक्षण साथै समावेशीताको सिद्धान्त र पहिचान एवम् विविधता व्यवस्थापनसँग सम्बन्धित विषयहरू पनि आयोगका कार्यसम्पादनका आधार हुन्। आयोगले कार्यसम्पादन गर्दा संवैधानिक आयोगका मूल्य मान्यता, आदर्श तथा यसका सर्वमान्य सिद्धान्तहरू मूलतः स्वतन्त्रता, निष्पक्षता, स्वच्छता, तटस्थता, पारदर्शिता र विवेकपूर्ण निर्णयलाई अवलम्बन गर्ने गरेको छ।


# परिच्छेद — दुई

## आयोगको संगठन संरचना, वित्तीय स्थिति र भौतिक स्रोत साधनको अवस्था

### २.१ संगठन संरचना

राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा १४ मा आयोगको संगठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने व्यवस्था छ। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७७/०८/३० मा स्वीकृत संगठन संरचना अनुसार आयोगमा स्थायीतर्फ १३ र सेवा करारतर्फ १४ गरी जम्मा २७ दरबन्दी रहेको छ। त्यस्तै गरी आयोगमा पदाधिकारी तर्फ अध्यक्ष सहित ५ जनाको दरबन्दी रहने व्यवस्था रहेकोमा हाल ३ जना सदस्यहरू बहाल छन् भने अध्यक्ष सहित २ जना पदाधिकारीको पद रिक्त रहेको अवस्था छ ।

आयोगको स्वीकृत संगठन संरचना देहाय बमोजिम रहेको छ :-



**पुनश्च :**

१. आयोगका पदाधिकारी/सदस्यहरू नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरू (रा.प.अन. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यहरूलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी सेवा करारबाट पद्पूर्ति गर्न सकिनेछ।

२. आयोगका पदाधिकारी/सदस्यहरू नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहीन) प्रत्येक पदाधिकारी/सदस्यहरूलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी सेवा करारबाट पद्पूर्ति गर्न सकिनेछ।

३. आयोगका पदाधिकारी/सदस्यहरू नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणी विहीन) २ (दुई) जना सदस्यहरूलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी सेवा करारबाट पद्पूर्ति गर्न सकिनेछ। स्वीपर १ जनाको लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्य सञ्चालन गर्न सकिनेछ।

## २.२ दरबन्दी र पदपूर्तिको अवस्था

राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ९ को उपदफा (१०) अनुरुप आयोगको सचिवको रुपमा नेपाल सरकारका राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी रहने व्यवस्था छ भने दफा १४ मा आयोगको संगठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने व्यवस्था छ। आयोगको सचिवालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्थालाई तालिका नं. १ र तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १ :**

**स्थायी दरबन्दी र पदपूर्ति**

| क्र. सं. | पद/श्रेणीको विवरण | सेवा/समूह | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सचिव/राजपत्राङ्कित प्रथम श्रेणी | प्रशासन | १ | १ | |
| २ | उपसचिव/राजपत्राङ्कित द्वितीय श्रेणी | प्रशासन/सा.प्र. | १ | १ | |
| ३ | शाखा अधिकृत/राजपत्राङ्कित तृतीय श्रेणी | प्रशासन/सा.प्र. | २ | २ | |
| ४ | नायव सुब्बा/रा.प.अनं. प्रथम श्रेणी | प्रशासन/सा.प्र. | २ | २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कम्प्युटर अपरेटर/रा.प.अनं. प्रथम श्रेणी | प्रशासन/विविध | १ | १ | |
| ६ | लेखापाल/रा.प. अनं. प्रथम श्रेणी | प्रशासन/लेखा | १ | १ | |
| ७ | हलुका सवारी चालक (श्रेणी विहीन) | | २ | २ | सेवा करार |
| ८ | कार्यालय सहयोगी (श्रेणी विहीन) | | ३ | ३ | सेवा करार |
| | **जम्मा** | | **१३** | **१३** | |

**तालिका नं. २ :**

**अस्थायी दरबन्दी र पदपूर्ति**

| **क्र.सं.** | **पद/श्रेणीको विवरण** | **स्वीकृत दरबन्दी** | **कार्यरत कर्मचारीको संख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १ | निजी सहायक/ रा.प.अनं. प्रथम श्रेणी | ५ | ३ | सेवा करार |
| २ | हलुका सवारी चालक (श्रेणी विहीन) | ५ | ३ | सेवा करार |
| ३ | कार्यालय सहयोगी (श्रेणी विहीन) | ३ | २ | सेवा करार |
| ४ | स्वीपर (श्रेणी विहीन) | १ | १ | सेवा करार |
| | **जम्मा** | **१४** | **९** | |

आयोगका पदाधिकारीका निजी सहायक, हलुका सवारी चालक, कार्यालय सहयोगी र स्वीपरका पदहरू सेवा करारबाट पूर्ति गरिएका छन् । आयोगमा आ.ब. २०८१/८२ मा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची -१ मा उल्लेख गरिएको छ ।

## २.३ वित्तीय स्थिति

### २.३.१ बजेट, निकासा र खर्च

आर्थिक वर्ष २०८१/८२ मा आयोगलाई नेपाल सरकारबाट चालु तर्फ पदाधिकारी खर्च रु. १,०१,०८,५०७।- (अक्षरुपी एक करोड एक लाख आठ हजार पाँच सय सात), प्रशासनिक खर्च रु. ३,१६,०८,०००।- (अक्षरुपी तीन करोड सोह्र लाख आठ हजार), पूँजीगत तर्फ रु.१५,००,०००/- (अक्षरुपी पन्ध्र लाख) गरी कुल रु. ४,३२,१६,५०७।- (अक्षरुपी चार करोड बत्तीस लाख सोह्र हजार पाँच सय सात) बजेट विनियोजन भएको थियो । आयोगको बजेट शीर्षक, उपशीर्षक र संकेतको आधारमा विनियोजित बजेट र खर्चलाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

## तालिका नं. ३
## विनियोजित बजेट र खर्चको विवरण

| क्र.सं. | बजेट उप शीर्षक | बजेट शीर्षक | बजेट विनियोजन | संशोधित अन्तिम बजेट | कूल खर्च | खर्च (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १. | २२६००००११३ | चालु | ३१६०८००० | ३००००९८३ | २६०५४६६०.२३ | ८६.८५ |
| २. | २२६०००१३ | चालु (पदाधिकारी) | १०१०८५०७ | १०१०८५०७ | ८०७९५३८.८३ | ७९.९३ |
| ३. | २२६०००११४ | पुँजीगत | १५००००० | १२९६५०० | १२३९४६२.६३ | ९५.६० |
| | | **जम्मा** | **४३२१६५०७** | **४१४०५९९०** | **३५३७३६६१.६९** | **८५.४३** |

### २.३.२ राजश्व, धरौटी र विविध

यस आयोगलाई राजश्व संकलन गर्ने अधिकार नरहेको हुँदा राजश्व संकलन शून्य रहेको छ । आ.व. २०८१/८२ मा धरौटी तथा विविध खाता शून्य रहेको छ ।

### २.४ भौतिक स्रोत साधनको अवस्था

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, पुल्चोक स्थित तत्कालीन फोहोरमैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्र रहेको टहरा भवनहरू र विभिन्न आ.व.मा नयाँ निर्माण गरिएका टहरा भवनहरू समेतबाट आयोगको कार्यालय सञ्चालन हुँदै आएको छ । आयोगका अन्य भौतिक साधनहरूमा कार्यालय सञ्चालनसँग सम्बन्धित उपकरण, फर्निचर, कम्प्यूटर तथा दुई पांग्रे र चार पांग्रे सवारी साधनहरू रहेका छन् । आयोगको भौतिक सामग्रीहरूको अवस्था खुलेको विवरण अनुसूची -२ मा समावेश गरिएको छ।

# परिच्छेद - तीन

## आयोगको वार्षिक कार्यक्रम र कार्यान्वयनको अवस्था

### ३.१ आयोगको कार्यसम्पादन

नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिमका आयोगको कार्यक्षेत्रभित्र पर्ने विभिन्न एघार वटा समुदाय, वर्ग र क्षेत्रलाई आयोगका पदाधिकारीहरूको विशेषज्ञता र रुची समेतका आधारमा कार्यविभाजन गरी कार्यसम्पादन भइरहेको छ। हाल कायम रहेको आयोगको कार्यक्षेत्र तथा पदाधिकारीहरूको कार्यविभाजन देहायबमोजिम रहेको छः-

| पद | पदाधिकारीको नाम | कार्यक्षेत्र |
|---|---|---|
| कार्यवाहक अध्यक्ष | हरिदत्त जोशी | • आयोग पदाधिकारी तथा कर्मचारीलाई तोकिएको विषयमा समन्वय र निर्देशन<br>• आयोगको व्यवस्थापकीय कार्य र कार्य विभाजनमा नपरेका क्षेत्र तथा विषयहरू<br>• श्रमिक<br>• अपाङ्गता भएका व्यक्ति<br>• किसान |
| सदस्य | पुष्पराज तिमिल्सिना | • कर्णालीमा बसोबास गर्ने<br>• आर्थिक रुपले विपन्न वर्ग, अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय<br>• पिछडा वर्ग<br>• संचार तथा जनसम्पर्क |
| सदस्य | मान प्रसाद खत्री | • खस आर्य<br>• पिछडिएको क्षेत्र<br>• ज्येष्ठ नागरिक |

## ३.२ आयोगको बैठक तथा निर्णय

नेपालको संविधान, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ र आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ अनुसार आयोगको बैठक सञ्चालन हुँदै आएको छ। उल्लिखित संवैधानिक र कानूनी व्यवस्थाले आयोगको बैठक सञ्चालनलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन सहयोग पुगेको छ।

आ.व. २०८१/८२ मा जम्मा २० वटा बैठक सञ्चालन गरी विविध विषयहरू माथि छलफल भई २३ वटा निर्णय भएका थिए। बैठक तथा निर्णय सम्बन्धी संक्षिप्त विवरण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४**

**आयोगको बैठक तथा निर्णय सम्बन्धी विवरण**

| सि.नं | बैठक संख्या | निर्णय संख्या | विषय | कैफियत |
|---|---|---|---|---|
| १ | जम्मा बैठक संख्या २० | ४ | योजना तथा कार्यक्रम सम्बन्धी | |
| २ | | ५ | अध्ययन/अनुसन्धान/अनुगमन सम्बन्धी | |
| ३ | | ३ | नीतिगत सिफारिस/राय परामर्श सम्बन्धी | |
| ४ | | १ | वार्षिक प्रतिवेदन सम्बन्धी | |
| ५ | | १० | प्रशासनिक र अन्य | |

## ३.३ वार्षिक कार्यक्रम

आ.व. २०८१/८२ मा आयोगको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कार्यक्रमतर्फ रु. ८०,०५,०००।- बजेट विनियोजन भई निम्न बमोजिमको कार्यक्रम समावेश गरिएको थियोः-

१. लक्षित वर्गको सशक्तीकरण तथा समावेशीकरण सम्बन्धमा नीति, कार्यक्रम तथा सचेतनामूलक सामग्री तयार गर्ने,
२. वार्षिक प्रतिवेदन प्रकाशन,
३. समावेशीकरण सम्बन्धी लेख/रचना समावेश गरी स्मारिका प्रकाशन,
४. पिछडिएको क्षेत्रको स्थिति र पहिचानका आधारसम्बन्धी अध्ययन,
५. आदिवासी र आदिवासी जनजातिको पहिचानको आधार सम्बन्धी तुलनात्मक अध्ययन,

६. विपन्न खस आर्य पहिचानका आधार तथा राज्यका निकायमा पहुँच सम्बन्धी अध्ययन,
७. अल्पसंख्यक एवम् सीमान्तीकृत समुदायको पहिचानका आधार तथा सशक्तीकरण रणनीति सम्बन्धी अध्ययन,
८. राज्य संयन्त्रमा कर्णालीका नागरिकहरूको पहुँच र प्रतिनिधित्वको अवस्था तथा सशक्तीकरण रणनीति सम्बन्धी अध्ययन,
९. पिछडा वर्गको वर्गीकरणका आधारहरू र प्रतिनिधित्व सम्बन्धी अध्ययन,
१०. किसानका हक अधिकारका सवालमा बनेका कानूनको कार्यान्वयन तथा राज्यका संरचनामा पहुँच र प्रतिनिधित्व सम्बन्धी अध्ययन,
११. ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन/अवलोकन,
१२. वृद्धाश्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आधार र मापदण्ड सम्बन्धी अध्ययन,
१३. अपाङ्गता भएका व्यक्तिको वर्गीकरणका आधार र राज्यमा पहुँचको स्थिति सम्बन्धी अध्ययन,
१४. श्रम कानून कार्यान्वयनको अवस्था र समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा श्रमिकहरूको प्रतिनिधित्व सम्बन्धी अध्ययन,
१५. आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन अवस्था र समावेशीकरण सम्बन्धी प्रभाव अध्ययन,
१६. विद्यालय शिक्षामा समावेश गर्न समावेशीता सम्बन्धी पाठ्यक्रमको प्रारुप तयार गर्ने,
१७. वार्षिक समिक्षा तथा आयोग स्थापना दिवस मनाउने,
१८. आयोगको रणनीतिक योजनाको मध्यावधी समिक्षा,
१९. स्थानीयस्तर, प्रदेशस्तर र केन्द्रीयस्तर छलफल तथा अन्तरक्रिया,
२०. लक्षित वर्गको हकहितका विषयमा स्थानीय पहुँच कार्यक्रम,
२१. विज्ञ समुहसँग अन्तरक्रिया,
२२. आयोगका पदाधिकारी तथा कर्मचारी क्षमता विकास कार्यक्रम

आयोगबाट स्वीकृत कार्यक्रम तर्फको विवरण अनुसूची -३ मा राखिएको छ ।

## ३.४ आयोगबाट सम्पादित मुख्य कार्यहरू

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले यस आयोगले गर्नुपर्ने काम, कर्तव्य र अधिकार सुनिश्चित गरेको छ । सोही बमोजिम आयोगको स्वीकृत कार्यक्रम र विनियोजित बजेट भित्र रही आ.व. २०८१/८२ मा आयोगबाट देहाय बमोजिम मुख्य मुख्य कार्यहरू सम्पादन भएका छन् ।

### ३.४.१ अध्ययन-अनुसन्धान

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण गर्न, नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानून कार्यान्वयनको अवस्थाको सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने साथै उनीहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस समेत गर्नका लागि आयोगबाट विभिन्न विषयमा अध्ययन सम्बन्धी कार्य भएको थियो । प्रतिवेदन वर्षमा आयोगबाट भएका अध्ययन सम्बन्धी कार्यहरू देहाय बमोजिम छन्ः-

### क. पिछडिएको क्षेत्रको स्थिति र पहिचानका आधार सम्बन्धी अध्ययन

संविधान एवम् राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ अनुसार आयोगको कार्यक्षेत्र भित्र पिछडिएको क्षेत्र समेत रहेको छ। निजामती सेवा ऐन, २०४९ ले पिछडिएको क्षेत्र भन्नाले हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोट गरी ९ (नौ) वटा जिल्लालाई तोकेको छ। प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ बमोजिम नेपाल सरकारले २२ जिल्लाका ५७ वटा स्थानीय तहलाई पिछडिएको क्षेत्र तोकेको पाइन्छ।

आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रममा पिछडिएको क्षेत्रको स्थिति र पहिचानको आधार विषयको अध्ययन कार्यक्रम रहेकोमा विज्ञसँग सम्झौता गरी अध्ययन भएको थियो। उक्त अध्ययनको मुख्य उद्देश्य पिछडिएको क्षेत्रलाई स्पष्ट परिभाषित गर्ने, पिछडिएको क्षेत्रको पहिचानका वस्तुनिष्ठ आधार तथा मापदण्डहरू पहिचान गर्ने तथा पिछडिएको क्षेत्रको स्थितिको विश्लेषण गर्ने रहेको थियो। अध्ययनको क्रममा नेपालको संविधान तथा विद्यमान कानूनी व्यवस्था, पिछडिएको क्षेत्रको विद्यमान अवस्था, शिक्षा, स्वास्थ्य, रोजगारी, सञ्चार सुविधा लगायत सार्वजनिक सेवा र राजनीतिक पहुँचको अवस्था, मानव विकास सुचकांक र नागरिक सशक्तीकरणका लागि नेपाल सरकारबाट भएका प्रयासहरूको अध्ययन गरिएको थियो।

आयोगका सदस्य पुष्पराज तिमिल्सिना र सदस्य मान प्रसाद खत्रीको उपस्थितिमा अछामको साँफेबगर नगरपालिका र बाजुराको बडिमालिका नगरपालिकामा स्थलगत अवलोकन तथा पिछडिएको क्षेत्रको स्थिति र पहिचानका आधार सम्बन्धी विषयको अन्तरक्रिया तथा छलफल गरी राय सुझाव समेत लिईएको थियो।

## ख. आदिवासी र आदिवासी जनजातिको पहिचानको आधार सम्बन्धी तुलनात्मक अध्ययन

आयोगको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आदिवासी र आदिवासी जनजातिको पहिचानको आधार सम्बन्धी तुलनात्मक अध्ययन विषयको विज्ञसँग सम्झौता गरी अध्ययन गरिएको थियो।

अध्ययनको मुख्य उद्देश्य आदिवासी र आदिवासी जनजातिको बारेमा परिभाषा तथा पहिचानको विश्लेषण गर्ने र उक्त समुदायको आर्थिक, सामाजिक एवम् साँस्कृतिक पक्षको विश्लेषण गर्नु रहेको थियो। अध्ययनको क्रममा आदिवासी र आदिवासी जनजातिको सम्बन्धमा भएका नीति, योजना तथा कानूनमा भएका व्यवस्था, उनीहरूको उत्पत्ति, विकास र बसोवासको अवस्था, आर्थिक, सामाजिक र साँस्कृतिक पक्षको तुलनात्मक अध्ययन गरिएको थियो।

आयोगका सदस्य पुष्पराज तिमिल्सिना, सदस्य मान प्रसाद खत्री र सचिवको उपस्थितिमा म्याग्दी जिल्लाको बेनी नगरपालिकामा आदिवासी र आदिवासी जनजातिको पहिचानको आधार सम्बन्धी अन्तरक्रिया तथा छलफल गरी प्राप्त सुचना, राय, सुझावलाई अध्ययनको पृष्ठपोषणको रुपमा लिइएको थियो। साथै अध्ययन प्रतिवेदन उपर खस आर्यसँग सम्बन्धित संघ/संस्था एवम् आदिवासी जनजाति आयोगको प्रतिनिधिको सहभागितामा अन्तरक्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो।

## ग. विपन्न खस आर्य पहिचानका आधार तथा राज्यका निकायमा पहुँच सम्बन्धी अध्ययन

संविधानमा विपन्न खस आर्यका सम्बन्धमा स्पष्ट व्यवस्था भएपनि उक्त वर्गको पहिचानका सम्बन्धमा स्पष्ट कानूनी व्यवस्थाको अभाव रहेको छ। विपन्न खस आर्यको पहिचानका स्पष्ट आधार तथा मापदण्ड नहुँदा लक्षित समुदायले राज्यले प्रदान गरेको सेवा सुविधाको उपभोग गर्नबाट बञ्चित हुनपर्ने अवस्था रहेको छ।

विपन्न खस आर्यको पहिचान स्पष्ट भएमा मात्र राज्यले प्रदान गरेको सेवा सुविधा उक्त वर्गसम्म पुऱ्याउन सकिन्छ। राज्यका निकायमा विपन्न खस आर्यको समावेशीकरणको विषय निकै महत्वपूर्ण तथा दुरगामी असर गर्ने विषय भएको हुँदा गहन अध्ययन गरी विपन्न खस आर्यको पहिचानका आधार तथा मापदण्ड तयार गर्नुपर्ने देखिन्छ। आयोगको गत आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रममा विपन्न खस आर्य पहिचानका आधार तथा राज्यका निकायमा पहुँच सम्बन्धी अध्ययन रहेको थियो। आयोगको मिति २०८१/०७/०७ गतेको निर्णय अनुसार नीति अनुसन्धान प्रतिष्ठानको सहयोगबाट अध्ययन भैरहेको र उक्त अध्ययनको प्रतिवेदन नीति अनुसन्धान प्रतिष्ठानबाट प्राप्त भईनसकेको अवस्था छ।

सो सम्बन्धमा आयोगका सदस्य मान प्रसाद खत्रीको नेतृत्वमा बझाङको स्थानीय तह केदारस्युँ गाउँपालिकामा विपन्न खस आर्य पहिचानका आधार राज्यका निकायमा पहुँच सम्बन्धी अध्ययन विषयक अन्तरक्रिया तथा छलफल गरी राय सुझाव संकलन गरिएको थियो।

## घ. अल्पसंख्यक जातजातिहरूको पहिचानका आधार सम्बन्धी अन्तिम प्रतिवेदन तयारी

अल्पसंख्यक एवम् सीमान्तीकृत समुदायको हक अधिकार संरक्षणका सम्बन्धमा आयोगले अध्ययन तथा अनुगमनको कार्य गर्दै आएको छ। सोही सम्बन्धमा आ.व २०८०/०८१ मा आयोगको वार्षिक कार्यक्रम अन्तर्गत "अल्पसंख्यक जातजातिहरूको पहिचानका आधार" सम्बन्धी अध्ययन भएको थियो। उक्त अध्ययनमा सरोकारवाला तथा आयोगको राय सुझाव समेत समावेश गरी पहिचान सम्बन्धी प्रतिवेदनलाई अन्तिम रुप दिनुपर्ने अवस्था थियो। आयोगको चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रममा अल्पसंख्यक पहिचान सम्बन्धी प्रतिवेदन तयारी कार्यक्रम रहेको र सो सम्बन्धमा विज्ञसँग सम्झौता गरी आयोगबाट अध्ययन भएको "अल्पसंख्यक जातजातिहरूको पहिचान" सम्बन्धी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ।

प्रतिवेदनलाई अन्तिम रुप दिने क्रममा अन्तर्राष्ट्रिय प्रतिवद्धता, नेपालको संविधान तथा विद्यमान कानूनहरूमा अल्पसंख्यक समुदाय सम्बन्धी भएका व्यवस्थाहरूको अध्ययन तथा विश्लेषण, अल्पसंख्यक जातजाति पहिचानका वस्तुनिष्ठ आधार तथा मापदण्डहरूको अध्ययन र सरोकारवालाहरूको राय सुझाव समावेश गरिएको थियो।

आयोगका सदस्य पुष्पराज तिमिल्सिना, सदस्य मान प्रसाद खत्री र सचिवको उपस्थितिमा मुस्ताङ जिल्लाको लो-घेकर दामोदरकुण्ड गाउँपालिकामा अल्पसंख्यक पहिचान सम्बन्धी अन्तरक्रिया तथा छलफल गरी स्थानीय तहमा सरोकारवालाहरूबाट प्राप्त राय, सुझाव र पृष्ठपोषण अध्ययन प्रतिवेदनमा समावेश गरिएको थियो।

## ङ. सीमान्तीकृत समुदायको पहिचानका आधार तथा सशक्तीकरण रणनीति सम्बन्धी अध्ययन

आयोगको कार्यक्षेत्र भित्र सीमान्तीकृत समुदाय समेत रहेको छ। उनीहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि अध्ययन अनुसन्धान गर्ने, नेपाल सरकारले अवलम्बन गरेको नीति एवम् कानून कार्यान्वयन अवस्थाको सुधारका लागि आयोगले सरकारलाई सुझाव सिफारिस गर्दछ ।

सोही सन्दर्भमा आयोगको चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सीमान्तीकृत समुदायको पहिचानका आधार तथा सशक्तीकरण रणनीति सम्बन्धी अध्ययन सम्बन्धमा विज्ञसँग सम्झौता गरी अध्ययन गरिएको थियो। उक्त अध्ययनको मुख्य

उद्देश्य सीमान्तीकृत समुदायको पहिचानका आधारहरू पहिचान गर्ने, सीमान्तीकृत समुदायको सशक्तीकरणका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कार्यक्रमगत उपायहरू पहिचान गर्ने रहेको थियो।

अध्ययनको क्रममा अन्तर्राष्ट्रिय प्रतिवद्धता, नेपालको संविधान तथा विद्यमान कानूनहरूमा सीमान्तीकृत समुदायको हकहित सम्बन्धी भएका व्यवस्थाहरूको अध्ययन तथा विश्लेषण, नेपाल सरकारबाट भएका प्रयासहरूको अध्ययन, कार्यक्रमहरूको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण तथा उक्त समुदायको संरक्षण, सशक्तीकरणका के कस्तो रणनीतिहरू अवलम्बन गर्न सकिन्छ भनी अध्ययन गरिएको थियो। आयोगका कार्यवाहक अध्यक्ष बिष्णुमाया ओझाको नेतृत्वमा सदस्य पुष्पराज तिमिल्सिना र सचिवको उपस्थितिमा बाग्लुङ्ग जिल्लाको गल्कोट नगरपालिका र रुकुम पश्चिम जिल्लाको मुसिकोट नगरपालिकामा सीमान्तीकृत समुदायको पहिचानका आधार तथा सशक्तीकरण रणनीति सम्बन्धी अन्तरक्रिया तथा छलफल गरी स्थानीय स्तरमा सरोकारवालाहरूसँग राय सुझाव लिईएको थियो।

## च. राज्य संयन्त्रमा कर्णालीका नागरिकहरूको पहुँच र प्रतिनिधित्वको अवस्था तथा सशक्तीकरण रणनीति सम्बन्धी अध्ययन

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन २०७४ मा आयोगको कार्यक्षेत्र भित्र कर्णाली क्षेत्र समेत रहेको छ। साविकको कर्णाली अञ्चलमा मुगु, जुम्ला, हुम्ला, कालिकोट र डोल्पा जिल्ला रहेका छन्। उक्त अञ्चल भित्रका जिल्लाहरू भौगोलिक रुपले अति विकट रहेका छन्। कर्णालीका नागरिकहरूको राज्य संयन्त्रमा पहुँच र प्रतिनिधित्वको अवस्था सम्बन्धी अध्ययन गरी उनीहरूको सशक्तीकरण गर्न अवलम्बन गर्नुपर्ने उपयुक्त रणनीति सम्बन्धी सुझाव प्राप्त गर्ने उद्देश्यले आयोगबाट विज्ञसँग सम्झौता गरी अध्ययन गरिएको थियो। आयोगका सदस्य पुष्पराज तिमिल्सिना, सदस्य मान प्रसाद खत्री र सचिवको उपस्थितिमा हुम्ला जिल्लाको ताँजाकोट गाउँपालिका र चंखेली गाउँपालिकामा राज्य संयन्त्रमा कर्णालीका नागरिकहरू पहुँच र प्रतिनिधित्वको अवस्था तथा सशक्तीकरणको रणनीति सम्बन्धी अध्ययन विषयको अन्तरक्रिया तथा छलफल गरी प्राप्त राय सुझावलाई अध्ययनको पृष्ठपोषणको रुपमा लिएको थियो। आयोगमा सरोकारवालाहरू र अध्ययनकर्ता विज्ञसँग थप छलफल गरी अध्ययनलाई अन्तिम रुप दिइएको थियो।

## छ. पिछडा वर्गको वर्गीकरणका आधारहरू र प्रतिनिधित्व सम्बन्धी अध्ययन

आयोगको कार्यक्षेत्र भित्र पिछडा वर्ग समेत रहेको छ। गत वर्ष नै आयोगले पिछडा वर्गको थर सूचीकरणका लागि सिफारिस गरेर नेपाल सरकार समक्ष पठाई सकेको छ। राज्य संयन्त्रमा उनीहरूको पहुँच र प्रतिनिधित्वको अवस्था पनि निकै कमजोर रहेको देखिन्छ।

त्यसैले पिछडा वर्गको वर्गीकरणका आधारहरूको पहिचान र उनीहरूको राज्य संयन्त्रमा पहुँच र प्रतिनिधित्वको अवस्था जानकारी लिने उद्देश्यले आयोगले विज्ञसँग सम्झौता गरी अध्ययन गरेको थियो।

अध्ययनलाई थप सहयोग पुऱ्याउने उद्देश्यले आयोगका सदस्य पुष्पराज तिमिल्सिनाको नेतृत्वमा कैलालीको टिकापुर नगरपालिका, बर्दियाको मधुवन नगरपालिका र बाँकेको खजुरा गाउँपालिकामा पिछडा वर्गको वर्गीकरणका आधारहरू र प्रतिनिधित्व सम्बन्धी अध्ययन विषयको अन्तरक्रिया गरी स्थानीयस्तरबाट सूचना, राय र सुझाव संकलन गरिएको थियो।

### ज. समावेशी सिद्धान्तका आधारमा किसानको राज्यका संरचनामा पहुँच र प्रतिनिधित्व सम्बन्धी अध्ययन

नेपालको संविधानको धारा २५९ र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ अनुसार यस आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत किसानको हक अधिकारको संरक्षण तथा नेपाल सरकारले अवलम्बन गरेको नीति एवम् कानून कार्यान्वयन अवस्थाको सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने साथै उनीहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्नु रहेको छ। समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा किसानहरूको पहुँच र प्रतिनिधित्व सम्बन्धी अध्ययन गर्ने उद्देश्यले विज्ञसँग सम्झौता गरी अध्ययन गरिएको थियो। अध्ययनको क्रममा नेपालको संविधान, विद्यमान कानूनहरूमा किसानको हकहित सम्बन्धी तथा समावेशीकरण सम्बन्धी भएका व्यवस्थाहरू र राज्यका संरचनामा किसानको पहुँच र प्रतिनिधित्वको अवस्था सम्बन्धमा अध्ययन तथा विश्लेषण गरिएको थियो। आयोगका कार्यवाहक अध्यक्ष बिष्णुमाया ओझाको नेतृत्व र सचिवको उपस्थितिमा सल्यान जिल्लाको शारदा नगरपालिका र रुकुम पूर्व जिल्लाको सिस्ने गाउँपालिकामा राज्यका संरचनामा किसानको पहुँच तथा प्रतिनिधित्व सम्बन्धी विषयको अन्तरक्रिया तथा छलफल गरी प्राप्त राय सुझावलाई अध्ययनको पृष्ठपोषणको रुपमा लिएको थियो।

### झ. कृषि अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन

आयोगको कार्यक्षेत्रभित्र कृषक पनि रहेको सन्दर्भमा विभिन्न तहका सरकारले कृषकलाई प्रदान गर्दै आएको अनुदान र त्यसको प्रभावकारिताका सम्बन्धमा अध्ययन कार्यक्रम राखिएको थियो। कृषि अनुदानमा देखिएका समस्या, चुनौती तथा त्यसको समाधानका उपाय पहिचान गर्ने उद्देश्यले कृषि सम्बन्धी अनुदानको प्रभावकारिता सम्बन्धमा परामर्श सेवाबाट अध्ययन गराइएको थियो। सो प्रतिवेदन उपर विभिन्न तहका सरकारले कृषि क्षेत्रमा हाल प्रदान गर्दै आएको अनुदानको प्रभावकारिताको मापन गर्नु, कृषि अनुदानको समावेशी वितरण र उपयोगमा

देखिएका समस्या र चुनौती पहिल्याउनु र अनुदानलाई प्रभावकारी बनाउने र त्यसमा महिला, साना तथा सीमान्तीकृत किसानको पहुँच विस्तार गर्ने उपाय पहिचान गर्ने उद्देश्यले अध्ययन गरिएको थियो। सम्बन्धित क्षेत्रका विज्ञहरू समेतको सहभागितामा छलफल तथा अन्तरक्रिया गरी प्राप्त सुझाव समेतका आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिइएको थियो। यसका साथै आयोगका कार्यवाहक अध्यक्ष बिष्णुमाया ओझाको नेतृत्वमा मकवानपुर जिल्लाको जिल्ला समन्वय समितिको कार्यालयमा कृषि अनुदानको प्रभावकारिता सम्बन्धी अन्तरक्रिया छलफल आयोजना गरी प्राप्त राय, सुझाव र पृष्ठपोषणलाई समेत अध्ययन प्रतिवेदनमा समावेश गरिएको थियो।

### ञ. ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन/अवलोकन

ज्येष्ठ नागरिकको उमेरसँगै बढ्दै जाने परनिर्भरता, लाग्न सक्ने दीर्घरोगहरूका कारणले ज्येष्ठ नागरिकहरूलाई परिवार तथा राज्यको विशेष सहयोग आवश्यक हुन्छ। ज्येष्ठ नागरिकको मानव अधिकार उपयोग र मर्यादित जीवनयापनका लागि राज्यबाट विशेष निगरानी तथा उपचारको व्यवस्था गर्नुपर्ने देखिन्छ। ज्येष्ठ नागरिकको जीवनयापनलाई सुरक्षित, सम्मानित एवम् मर्यादित तुल्याउन ज्येष्ठ नागरिकका सम्बन्धमा आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरू सम्बन्धित नीति, कानून तथा कार्यक्रमबाट सम्बोधन गरी तिनको प्रभावकारी कार्यान्वयन हुन आवश्यक छ। ज्येष्ठ नागरिकको संरक्षण गर्न सकियो भने उनीहरूको ज्ञान, सीप र अनुभवबाट समाज र राज्यले देशको विकास र राष्ट्र निर्माणमा सहयोग पुग्दछ। त्यसर्थ, आयोगले गत आर्थिक वर्षमा ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धमा भएका संवैधानिक तथा कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन गरेको थियो।

### ट. वृद्धाश्रम संचालन तथा व्यवस्थापन सम्बन्धी आधार र मापदण्ड सम्बन्धी अध्ययन

असहाय ज्येष्ठ नागरिकहरूलाई मर्यादित र सम्मानित जीवनयापनका लागि सहजता प्रदान गर्न खुलेका हेरचाह केन्द्र/वृद्धाश्रमहरूले निश्चित मापदण्ड पूरा गरेर मात्रै सञ्चालन गर्नुपर्ने व्यवस्था ज्येष्ठ नागरिक सम्बन्धी ऐन तथा नियमावलीले गरेको छ। नेपालभर सञ्चालित हेरचाह केन्द्र/वृद्धाश्रमहरूमा कानूनले तोके अनुसारको मापदण्डको पालना, सञ्चालनको स्थिति, त्यहाँ रहेका समस्या तथा समाधानका लागि गर्नुपर्ने पहलहरूका सम्बन्धमा अध्ययन गर्ने उद्देश्यले आर्थिक वर्ष २०८१/८२ मा विज्ञसँग सम्झौता गरी वृद्धाश्रम संचालन तथा व्यवस्थापन सम्बन्धी आधार र मापदण्ड सम्बन्धी अध्ययन गराइएको थियो। यस अध्ययनको उद्देश्य नेपालमा वृद्धाश्रम सञ्चालन सम्बन्धी मापदण्ड कार्यान्वयन नहुनुको कारण पत्ता लगाउन रहेको थियो।

अध्ययनमा देशका विभिन्न स्थानमा सञ्चालित वृद्धाश्रमहरूको वस्तुगत स्थिति तथा मापदण्डको अवस्थालाई विश्लेषण गरी सुझावहरू प्रस्तुत गरिएको थियो । उक्त अध्ययनको क्रममा सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गर्नुका साथै अध्ययन प्रतिवेदन उपर समेत सरोकारवाला निकाय/संस्थाका प्रतिनिधिसँग अन्तरक्रिया गरी प्राप्त सुझावहरु समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको थियो। साथै, अध्ययनको क्रममा आयोगका कार्यवाहक अध्यक्ष बिष्णुमाया ओझाको नेतृत्व र सचिवको उपस्थितिमा मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका अन्तरक्रिया तथा छलफलका साथै विभिन्न स्थानमा रहेका वृद्धाश्रमहरूको स्थलगत अवलोकन भ्रमण गरी प्राप्त सुझावहरूसमेत अध्ययन प्रतिवेदनमा समावेश गरिएको थियो।

### ठ. अपाङ्गता भएका व्यक्तिको वर्गीकरणका आधार र राज्यमा पहुँचको स्थिति सम्बन्धी अध्ययन

अपाङ्गता भएका व्यक्तिको वर्गीकरणका आधार र राज्यमा पहुँचको स्थिति सम्बन्धी अध्ययन गरी उनीहरूको हित अभिवृद्धिका लागि नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने विषय क्षेत्रहरू पहिचान गर्ने उद्देश्यले आर्थिक वर्ष २०८१/८२ मा विज्ञसँग सम्झौता गरी अध्ययन गरिएको थियो। अध्ययनका क्रममा आयोगका कार्यवाहक अध्यक्ष बिष्णुमाया ओझाको अध्यक्षतामा आयोगमा सरोकारवालाहरूसँग एक अन्तरक्रिया आयोजना गरी राय सुझाव लिने कार्य गरिएको थियो। त्यसैगरी आयोगका सदस्य हरिदत्त जोशीको नेतृत्व र सचिवको उपस्थितिमा अध्ययनको प्रारम्भिक प्रतिवेदन उपर राय, सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले मोरङ्गको विराटनगरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको र प्राप्त राय, सुझावलाई प्रतिवेदनमा समावेश गरी अन्तिम रुप दिइएको थियो।

### ड. श्रम कानून कार्यान्वयनको अवस्था र समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा श्रमिकहरूको प्रतिनिधित्व सम्बन्धी अध्ययन

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ अनुसार यस आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत श्रमिकको हक अधिकारको संरक्षण तथा नेपाल सरकारले अपलम्बन गरेको नीति एवम् कानून कार्यान्वयन अवस्थाको सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने साथै श्रमिकहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्नु रहेको छ। आयोगले आर्थिक वर्ष २०८१/८२ मा श्रम कानून कार्यान्वयनको अवस्था र समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा श्रमिकहरूको प्रतिनिधित्व सम्बन्धी अध्ययन गर्ने उद्देश्यले परामर्शदाता विज्ञसँग सम्झौता गरी अध्ययन गरिएको थियो।

श्रमिकको हक अधिकारको संरक्षण तथा मर्यादित जीवनयापन सुनिश्चित गर्न विद्यमान श्रम कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन प्रभावकारी रुपले हुन सकेमा मात्र श्रमिकहरूको जीवन मर्यादित बनाउन सकिने हुँदा श्रम कानूनको कार्यान्वयन अवस्था र समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा श्रमिकको प्रतिनिधित्व सम्बन्धी अवस्थाको तथ्यपरक जानकारी प्राप्त गर्न अध्ययन गरिएको थियो।

उक्त अध्ययनका क्रममा सरोकारवाला निकाय/संस्थाका प्रतिनिधिसँग अन्तरक्रिया गर्नुका साथै ११ वटा श्रम तथा रोजगार कार्यालयको आर्थिक वर्ष २०८०/८१ को श्रम अडिटको प्रतिवेदनको विश्लेषण गरिएको थियो। आयोगका सदस्य हरिदत्त जोशीको नेतृत्व र सचिवको उपस्थितिमा अध्ययनको प्रारम्भिक प्रतिवेदन उपर राय, सुझाव तथा पृष्ठपोषण प्राप्तिका लागि मोरङ्गको विराटनगरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरी उक्त अन्तरक्रिया र छलफलबाट प्राप्त राय, सुझावलाई अध्ययन प्रतिवेदनमा समावेश गरिएको थियो।

**ढ. आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन अवस्था र समावेशीकरण सम्बन्धी प्रभाव अध्ययन**

आयोगले स्थापना कालदेखि नै आयोगको कार्य क्षेत्र भित्रका लक्षित वर्ग, समुदाय र क्षेत्रका हक, हित अभिवृद्धिका लागि संविधान, सम्बन्धित नीति, कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन अवस्था, नेपाल सरकारबाट सञ्चालित लक्षित कार्यक्रमहरूको पर्याप्तता तथा प्रभावकारिता जस्ता पक्षहरूमा केन्द्रित रही गरिएका अध्ययन तथा अनुसन्धान, अनुगमन, अवलोकन, छलफल तथा अन्तरक्रियाका माध्यमबाट प्राप्त सूचना तथा पृष्ठपोषण समेतका आधारमा विभिन्न मितिमा विभिन्न विषयमा आर्थिक वर्ष २०८०/८१ सम्म नेपाल सरकारलाई ३० वटा विषयमा सिफारिस तथा सुझाव प्रदान गरेको थियो। आयोगले गरेका सिफारिसको कार्यान्वनको अवस्था बारे जानकारी लिने उद्देश्यले आयोगबाट विज्ञसँग सम्झौता गरी आयोगको स्थापना कालदेखि आ.व २०८०/८१ सम्म नेपाल सरकारलाई गरेका सिफारिसहरू कार्यान्वयनको अवस्था र समावेशीकरण सम्बन्धी प्रभावको अध्ययन गरिएको थियो।

त्यसैगरी, आयोगले आयोगका कार्यवाहक अध्यक्ष हरिदत्त जोशीको अध्यक्षतामा आयोगमा लक्षित वर्ग, समुदाय र सरोकारवालाहरूको सहभागितामा सिफारिस कार्यान्वयनको अवस्था र समावेशीकरण सम्बन्धी प्रभाव अध्ययन विषयको अन्तरक्रिया तथा छलफल आयोजना गरी राय, सुझाव र पृष्ठपोषण समेत लिएको थियो।

### ण. आधारभूत तह (कक्षा १-८) को समाजिक विषयक पाठ्यक्रममा समावेशीताको अध्ययन

नेपाल बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय समाज हो जहाँ सबै वर्गका बालबालिकाहरूले शिक्षामा समान पहुँच पाउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ। शिक्षा ऐन र राष्ट्रिय शिक्षा नीति २०७६ ले समावेशी शिक्षालाई प्राथमिकता दिए पनि व्यवहारमा आधारभूत तहको पाठ्यक्रममा सामवेशिताका विषयवस्तुहरूको क्षेत्र पर्याप्त नभएको देखिन्छ। समावेशी शिक्षा सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा सांस्कृतिक, वर्गीय, जातीय एवम् भौगोलिक विविधतालाई सम्मान गर्दै आफ्नै समुदायमा आधारभूत तहसम्म मातृभाषामा जीवनोपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने कानुनी र नीतिगत व्यवस्था रहेको छ।

यसै सन्दर्भमा आयोगबाट चालु आ.व. २०८१/८२ मा आधारभूत तह (कक्षा १-८) को समाजिक विषयक पाठ्यक्रममा समावेशीताको अध्ययन गरिएको थियो। अध्ययनको मुख्य उद्देश्य आधारभूत तह (कक्षा १-८) को विद्यमान सामाजिक विषयक पाठ्यक्रममा समावेशीताको अवस्थाको अध्ययन गरी पाठ्यक्रमलाई थप समावेशी बनाई सुधार गर्नका लागि पाठ्यक्रमका विषयवस्तुमा अपुग देखिएका क्षेत्रहरूको पहिचान गर्नु तथा पाठ्यक्रम तथा पाठ्यसामग्रीको समावेशीताका सम्बन्धमा विश्लेषण गरी सुझाव प्रदान गर्नु रहेको थियो।

आयोगमा शिक्षा क्षेत्रका विज्ञ सहित सरोकारवालाहरूसँग समावेशी शिक्षा सम्बन्धमा एक अन्तरक्रिया आयोजना गरी राय, सुझाव र पृष्ठपोषण लिई अध्ययनलाई थप परिष्कृत गरिएको थियो। उक्त अध्ययनबाट प्राप्त सुझाव कार्यान्वयनको लागि पाठ्यक्रम विकास केन्द्रमा सिफारिस गरी पठाईएको थियो।

### ३.४.२ छलफल तथा अन्तरक्रिया र चेतनामूलक कार्यक्रम

प्रतिवेदन वर्षमा आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवालाहरूसँग संघ, प्रदेश तथा स्थानीय तह स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिएको थियो। त्यस्ता कार्यक्रमबाट प्राप्त सुझाव तथा कार्यक्रममा सहभागीहरूबाट व्यक्त धारणाहरूलाई आयोगबाट भएका अध्ययन अनुसन्धान, नीति तथा कार्यक्रम सिफारिसका सन्दर्भमा पृष्ठपोषणका रुपमा उपयोग गरिएको थियो।

### क) केन्द्रीय स्तरमा छलफल तथा अन्तरक्रिया

आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न अध्ययनहरू, वार्षिक समिक्षा लगायतका विभिन्न विषयहरूमा लक्षित वर्ग तथा समुदाय, विशेषज्ञ तथा सरोकारवाला निकायका प्रतिनिधिसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी सम्पन्न गरिएको थियो। उक्त कार्यक्रमबाट आयोगले सूचना तथा जानकारीको संकलन तथा राय, सुझाव र पृष्ठपोषण लिएको थियो।

### ख) प्रदेश स्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम

आयोगले प्रतिवेदन वर्षमा लुम्बिनी प्रदेशको दाङ, सुदुरपश्चिम प्रदेशको धनगढी र कर्णाली प्रदेशको सुर्खेतमा खस आर्य, श्रमिक, किसान, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तीकृत समुदाय, पिछडा वर्ग लगायतका क्षेत्रमा कार्यरत संघ/संस्थाका प्रतिनिधि, प्रदेश अवस्थित स्थानीय तहका सम्बन्धित पदाधिकारी र प्रदेश मन्त्रालयका प्रतिनिधिहरूको सहभागितामा प्रदेश स्तरमा समावेशीकरण कार्यान्वयनको अवस्था र यसको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम गरेको थियो।

### ग) स्थानीय स्तरमा छलफल तथा अन्तरक्रिया र अन्य कार्यक्रम

आयोगको कार्यक्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूसँग स्थानीय स्तरमा गरिएका छलफल तथा अन्तरक्रिया कार्यक्रमहरूको विवरण देहाय बमोजिम छः-

**तालिका नं. ५**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम भएको स्थान |
|---|---|---|
| १. | स्थानीय तहमा समावेशीकरणका लागि भएका व्यवस्था र कार्यान्वयनको अवस्था सम्बन्धी अन्तरक्रिया तथा छलफल। | भोजपुर नगरपालिका, भोजपुर, म्याग्लुङ नगरपालिका, तेह्रथुम, फुङलिङ नगरपालिका, ताप्लेजुङ र फिदिम नगरपालिका, पाँचथर |
| २. | लक्षित वर्गको हकहितका विषयमा स्थानीय पहुँच कार्यक्रम। | रोल्पा नगरपालिका, रोल्पा र प्युठान नगरपालिका, प्युठान |
| ३. | कृषि अनुदानको प्रभावकारीता सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम। | जिल्ला समन्वय समिति, मकवानपुर |
| ४. | सीमान्तीकृत समुदायको पहिचानका आधार तथा सशक्तीकरण रणनीति सम्बन्धी अन्तरक्रिया तथा छलफल। | गल्कोट नगरपालिका, बाग्लुङ्ग र मुसिकोट नगरपालिका, रुकुम पश्चिम |
| ५. | राज्यका संरचनामा किसानको पहुँच तथा प्रतिनिधित्व सम्बन्धी विषयको अन्तरक्रिया तथा छलफल। | सिस्ने गाउँपालिका, रुकुम पुर्व र शारदा नगरपालिका, सल्यान |
| ६. | विपन्न खस आर्य पहिचानका आधार राज्यका निकायमा पहुँच सम्बन्धी अध्ययन विषयक अन्तरक्रिया तथा छलफल। | केदारस्यु गाउँपालिका, बझाङ |

| | | |
|---|---|---|
| ७. | पिछडिएको क्षेत्रको स्थिति र पहिचानका आधार सम्बन्धी अध्ययन विषयको अन्तरक्रिया तथा छलफल। | साँफेबगर नगरपालिका, अछाम र बडिमालिका नगरपालिका, बाजुरा |
| ८. | राज्य संयन्त्रमा कर्णालीका नागरिकहरूको पहुँच र प्रतिनिधित्वको अवस्था तथा सशक्तीकरणको रणनीति सम्बन्धी अध्ययन विषयको अन्तरक्रिया तथा छलफल। | ताँजाकोट गाउँपालिका, हुम्ला र चंखेली गाउँपालिका, हुम्ला |
| ९. | बृद्धाश्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आधार र मापदण्ड सम्बन्धी छलफल। | हेटौडा उपमहानगरपालिका, मकवानपुर |
| १०. | अपाङ्गता भएका व्यक्तिको वर्गीकरणको आधार र राज्यमा पहुँचको स्थिति सम्बन्धी अध्ययन अन्तरक्रिया। | विराटनगर महानगरपालिका, मोरङ |
| ११. | श्रम कानून कार्यान्वयनको अवस्था र समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा श्रमिकको प्रतिनिधित्व सम्बन्धी अन्तरक्रिया तथा छलफल। | विराटनगर महानगरपालिका, मोरङ |
| १२. | पिछडा वर्गको वर्गीकरणका आधारहरू प्रतिनिधित्व सम्बन्धी अध्ययन विषयको अन्तरक्रिया तथा छलफल। | टिकापुर नगरपालिका, कैलाली, मधुबन नगरपालिका, बर्दिया र खजुरा गाउँपालिका, बाँके |
| १३. | आदिवासी र आदीवासी जनजातिको पहिचानको आधार सम्बन्धी अन्तरक्रिया तथा छलफल। | बेनी नगरपालिका, म्याग्दी |
| १४. | अल्पसंख्यक पहिचान सम्बन्धी अन्तरक्रिया तथा छलफल । | लो-घेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ |

### ३.४.३ प्रकाशन

आयोगले प्रतिवेदन वर्षमा "समावेशी स्मारिका" प्रकाशनको शुरूवात गरेको छ।

### १. समावेशी स्मारिका प्रकाशन

आयोगले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा विषय विज्ञहरूको धारणा सहित जानकारीमूलक अध्ययन सामाग्रीहरू समेटेर समावेशी स्मारिका, २०८१ प्रकाशन गरेको थियो। स्मारिकामा सम्बन्धित विज्ञका दश वटा लेख/रचना समावेश गरिएको थियो। उक्त स्मारिकामा नेपालमा समावेशीकरण कार्यान्वयनका प्रयास, उपलब्धी समस्या र चुनौती, नेपालको निर्वाचन प्रणालीमा

समावेशीकरणको अवस्था, श्रमिक सहकारीको अवधारणा र नेपालमा यसको सम्भावना, सीमान्तीकृत समुदाय सशक्तीकरण र राज्यको भूमिकाः सैद्धान्तिक पुनरावलोकन, जेष्ठ नागरिकको पक्षमाः नीतिगत हस्तक्षेपको खाँचो, अपाङ्गता भएका व्यक्तिको समग्र विकासमा राज्यले खेलेको भूमिका, श्रम सम्बन्धलाई व्यवस्थित गर्न भएका प्रयास, समस्या र चुनौती, पिछडिएको क्षेत्रको समग्र विकास र राज्यको मूलधारमा समावेश गराउने उपाय र चुनौती, पिछडा वर्गका लागि राज्यले अवलम्बन गर्नुपर्ने उपायहरू र नेपालमा किसान अधिकारका सवाल, कानूनी अधिकार, कार्यान्वयनमा देखिएका समस्या चुनौती र आगामी कार्यदिशा विषयका लेख रचनाहरू संलग्न गरिएको थियो। स्मारिकाको विमोचन राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरज्यूबाट गरिएको थियो।

**२. वृत्तचित्र**

आयोगको स्थापना दिवसको अवसरमा आयोगको कार्यक्षेत्र समेतका विषय समेटी तयार गरेको वृत्तचित्र कार्यक्रम स्थल र NTV Plus बाट समेत प्रशारण गरिएको थियो।

**३. अन्य प्रकाशन**

आयोगको पारदर्शिता र सूचनाको हक कार्यान्वयन सम्बन्धी नीति अनुसार आयोगबाट सूचनाको हक अन्तर्गत आयोगको क्रियाकलाप सहित चौमासिक प्रकाशन र आयोगबाट अध्ययन र अनुसन्धान भएका प्रतिवेदनहरूको हकमा आयोगले उपयुक्त ठहऱ्याएको प्रतिवेदन आयोगको वेवसाईटबाट समेत सार्वजनिक गर्दै आइरहेको छ ।

### ३.४.४ अनुगमन

लक्षित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेका नीति तथा कानूनको कार्यान्वयन अवस्था, उनीहरूको संरक्षण, सशक्तीकरण र विकासको अवस्था अनुगमन गरी नीतिगत पृष्ठपोषण लिन आयोगको स्थापनाकालदेखि नै आयोगबाट अनुगमन हुँदै आएको छ।

आ.व. २०८१/८२ मा आयोगका कार्यवाहक अध्यक्ष, सदस्य र सचिवबाट स्थानीय स्तरमा लक्षित वर्गहरूको समावेशीकरणको अवस्था र आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा गरिएको अनुगमनको विवरण तालिका नं. ६ बमोजिम रहेको छ।

**तालिका नं. ६**

| क्र.सं. | विषय | स्थान | मिति | पदाधिकारी |
|---|---|---|---|---|
| १. | जिल्लामा समावेशीता सम्बन्धी अनुगमन | पर्सा र बारा | मिति २०८१ श्रावण २६ देखि ३२ गते सम्म | कार्यवाहक अध्यक्ष बिष्णुमाया ओझा |

| | | | | |
|---|---|---|---|---|
| २. | सेवा केन्द्रमा समावेशीता सम्बन्धी अनुगमन | चितवन | मिति २०८१ माघ २८ देखि ३० गते सम्म | कार्यवाहक अध्यक्ष बिष्णुमाया ओझा |
| ३. | स्थानीय तहमा समावेशीताको अवस्था सम्बन्धी अनुगमन | चितवन, तनहुँ, लमजुङ, कास्की र स्याङ्जा | २०८१ श्रावण १३ देखि २२ गते सम्म | सदस्य पुष्पराज तिमिल्सिना |
| ४. | स्थानीय तहमा समावेशीताको अवस्था सम्बन्धी अनुगमन | कास्की र पर्वत | २०८१ असोज १९ देखि २३ गते सम्म | सदस्य पुष्पराज तिमिल्सिना |
| ५. | स्थानीय तहमा समावेशीताको अवस्था सम्बन्धी अनुगमन | तनहुँ र पर्वत | २०८१ मंसिर २३ देखि २५ गते सम्म | सदस्य पुष्पराज तिमिल्सिना |
| ६. | पिछडिएको क्षेत्रको स्थानीय तहमा समावेशीकरणको अवस्था अनुगमन | मष्टा गाउँपालिका र तलकोट गाउँपालिका बझाङ | २०८२ जेठ १ देखि ५ गते सम्म | सदस्य मान प्रसाद खत्री |
| ७. | स्थानीय तहमा समावेशीताको अवस्था सम्बन्धी अनुगमन | गोरखा, लमजुङ र कास्की | २०८२ असार २६ देखि ३० गते सम्म | सदस्य पुष्पराज तिमिल्सिना र सचिव बलराम निरौला |

आयोगबाट स्थानीय स्तरमा छलफल तथा अन्तरक्रिया गर्दा कार्यक्रममा सहभागी पदाधिकारी र कर्मचारीहरूबाट सम्बन्धित स्थानहरूमा रहेका लक्षित वर्गहरूको समावेशीकरणको अवस्था र लक्षित समुदाय, वर्ग र क्षेत्रको हक अधिकार अभिवृद्धिका लागि नेपाल सरकारबाट सञ्चालित कार्यक्रमहरूको समेत अनुगमन भएको थियो।

### ३.४.५ नीतिगत परामर्श

नेपाल सरकारका समष्टिगत नीति तथा कार्यक्रमका साथै आयोगको कार्यक्षेत्र भित्र पर्ने समुदाय, वर्ग र क्षेत्रसँग सम्बन्धित नीतिहरूका सन्दर्भमा आयोगको राय, परामर्श तथा सुझाव माग भएका बखत आयोगबाट त्यस्तो राय, परामर्श तथा सुझाव उपलब्ध गराइने गरेको छ। तथापि, प्रतिवेदन वर्षमा आयोगसमक्ष त्यस्ता राय, परामर्श तथा सुझाव माग भएका थिएनन्।

### ३.४.६ संस्थागत क्षमता विकास तथा अन्य गतिविधिहरू

**क. संस्थागत क्षमता विकास**

आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकासका लागि विनियोजित बजेटको सीमा भित्र रही निम्न कार्यक्रम सञ्चालन गरेको थियो।

- **ड्राइभिङ सम्बन्धी तालीम**

  आयोगमा कार्यरत उपसचिव, अधिकृत, लेखापाल, ना.सु, र कम्प्यूटर अपरेटरलाई ड्राइभिङ सम्बन्धी तालीम प्रदान गरिएको थियो।

- **उद्घोषण तालीम**

  आयोगका पदाधिकारी तथा कर्मचारीहरूका लागि उद्घोषण तालीम सञ्चालन गरिएको थियो।

**ख. रेडियो कार्यक्रम सञ्चालन**

यस आयोगबाट जनमानसमा समावेशी आयोगको बारेमा जानकारी गराउने उद्देश्यले रेडियो नेपालसँग सम्झौता गरी "समावेशी आवाज" कार्यक्रमको ८ वटा एपिसोड सञ्चालन गरिएको थियो।

**ग. अन्य गतिविधि**

१. आयोगले हरेक वर्ष जस्तै २०८१ साल फाल्गुण महिनाको १० गते (अन्तर्राष्ट्रिय सामाजिक न्याय दिवस-फेब्रुअरी २२) सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङज्यूको प्रमुख आतिथ्यता तथा संवैधानिक आयोगका पदाधिकारीहरू, लक्षित वर्गका प्रतिनिधिहरू र सञ्चारकर्मीको सहभागितामा आयोगको बार्षिक दिवस मनाएको थियो।

२. आयोगले आयोगका कार्यवाहक अध्यक्षको अध्यक्षतामा लक्षित वर्गका प्रतिनिधिहरू, संवैधानिक आयोगका पदाधिकारी तथा प्रतिनिधिको उपस्थितिमा आयोगको रणनीतिक योजना (२०७८/७९ - २०८२/८३) को मध्यावधि समीक्षा गरेको थियो।

३. आयोगले मिति २०८२।३।१६ गते शिक्षा क्षेत्रका विज्ञहरू, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव विकास स्रोत केन्द्र र पाठ्यक्रम विकास केन्द्रका प्रतिनिधिहरूको उपस्थितिमा "विद्यालय शिक्षामा समावेशीताको अवस्था" विषयको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो।

४. आयोगका कार्यवाहक अध्यक्षको अध्यक्षतामा मिति २०८१।०४।१९ गते संवैधानिक आयोगका महिला पदाधिकारी तथा आयोगका कर्मचारी र विभिन्न सामाजिक संस्थाका महिला प्रतिनिधिको सहभागितामा तीजको दर कार्यक्रम आयोजना गरेको थियो।

### ३.४.७ अन्य निकायसँग समन्वय र सहकार्य

लक्षित वर्गका अधिकार संरक्षण र प्रवर्द्धनमा थप योगदान पुऱ्याउन आयोगबाट अन्य संवैधानिक आयोगहरू तथा सरकारी निकायहरूसँग आवश्यकता अनुसार समन्वय र सहकार्य हुँदै आएको छ।

आयोगले नेपालमा कृषि अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन कार्यमा केयर नेपालसँग सहकार्य गरेको थियो। यस्तो सहकार्य परामर्श सेवा खरिदको लागि गरिएको थियो। १६औं योजनाको कार्यान्वयन योजना निर्माण, मध्यमकालीन खर्च संरचना तर्जुमा, वार्षिक कार्यक्रम तर्जुमा छलफल सम्बन्धमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय हुँदै आएको छ।

यस आयोगबाट हुने अन्तरक्रिया तथा छलफल कार्यक्रममा अन्य संवैधानिक आयोगको पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता भएको थियो।

नेपाल सरकारलाई दिईने सुझाव तथा नेपाल सरकारलाई गर्ने सिफारिसको सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समन्वय तथा सहजीकरण गर्नुका साथै आयोगमा हुने अन्तरक्रिया/छलफलहरू तथा अध्ययन कार्यको छलफलमा समेत मन्त्रालयको प्रतिनिधित्व भएको थियो।

त्यसैगरी, अन्य संवैधानिक आयोग, संघीय मन्त्रालयहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, किसान, श्रमिक, पिछडा वर्ग तथा अन्य गैरसरकारी संघ संस्थाबाट आयोजना भएको सभा, गोष्ठी तथा कार्यक्रमहरूमा आयोगबाट सक्रिय सहभागिता जनाइएको थियो। साथै प्रतिनिधिसभाको सम्बन्धित समितिहरूको छलफल कार्यक्रममा समेत आयोगको सक्रिय सहभागिता भएको थियो।

# परिच्छेद -चार

# आयोगका सिफारिस र सिफारिस कार्यान्वयनको अवस्था

## ४.१ नीतिगत सिफारिस

नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ बमोजिम यस आयोगको कार्यक्षेत्रभित्र खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदाय रहेको र उनीहरूको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने तथा नेपाल सरकारले अवलम्बन गरेको नीति एवम् कानून कार्यान्वयन अवस्थाको सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने साथै उनीहरूको संरक्षण, सशक्तीकरण र विकासका लागि भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्नु यस आयोगको मुख्य कार्य रहेको छ।

यस आयोगले लक्षित समुदाय, वर्ग र क्षेत्रका हक, हित अभिवृद्धिका लागि सम्बन्धित नीति तथा कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन अवस्था, नेपाल सरकारबाट सञ्चालित लक्षित कार्यक्रमहरूको औचित्यता, पर्याप्तता तथा प्रभावकारीता जस्ता पक्षहरूमा केन्द्रित रही अध्ययन तथा अनुसन्धान गर्दै आएको छ। यस्ता अध्ययन र अनुसन्धान स्थलगत भ्रमण तथा अवलोकन, छलफल तथा अन्तर्क्रिया आदिका माध्यमबाट आयोगले प्रतिवेदन वर्षमा ७ वटा विषयमा नेपाल सरकारलाई सिफारिस र खस आर्य समुदायको थर सूचीकरणको सम्बन्धमा गोत्र हटाई थरको विवरण सूचीकरणको लागि पुनः सिफारिस गरिएको थियो। मिति २०८२/०३/२४ गतेको आयोगको बैठकको निर्णयानुसार प्रतिवेदन वर्षमा नेपाल सरकारलाई सिफारिस गरिएका विषयहरू देहाय बमोजिम रहेका छन् :-

### क. श्रमिक सम्वन्धमा

१. वैदेशिक रोजगारीमा नेपाली कामदारहरू जाने प्रमुख गन्तव्य मुलुकहरूसँग अनिवार्य रुपमा द्विपक्षीय श्रम सम्झौता गरेर मात्र श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाउने।
२. श्रम निरीक्षकहरू (श्रम कार्यालयहरू) को संख्या अन्तर्राष्ट्रिय मापदण्ड अनुसार वृद्धि गरी अनुगमन प्रणालीलाई बलियो बनाउने व्यवस्था गर्ने।

३. असंगठित क्षेत्रका श्रमिकहरूको अभिलेख राख्ने, सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराउने तथा श्रमिक अधिकारमा पहुँचका लागि संरचनात्मक व्यवस्था गर्ने।

४. श्रमिक आपूर्तिकर्ताहरूलाई श्रम कानून अनुसार दर्ता तथा नियमन गरी थप उत्तरदायी बनाउन कानूनी व्यवस्था गर्ने।

५. श्रम सम्वन्धी उजुरी तथा निर्णयका लागि प्रदेशस्तरमा श्रम अदालत स्थापनाको व्यवस्था मिलाउने।

६. प्रदेश सरकारहरू र स्थानीय तहहरूलाई श्रम प्रशासन सम्बन्धी स्पष्ट काम, कर्तव्य र जिम्मेवारी तोकी हालको श्रम कानूनमा परिमार्जन गर्ने। तीनै तहका सरकारहरूले आफ्नो नीति तथा कार्यक्रममा श्रम सम्वन्ध र श्रमिक अधिकारलाई प्राथमिकतामा राख्ने गरी नीतिगत व्यवस्था गर्ने।

७. श्रम प्रशासनलाई प्रभावकारी बनाउने एउटा वैज्ञानिक माध्यम जवाफदेही र यथार्थपरक श्रम अडिट नै भएको हुँदा सम्पूर्ण औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरूमा श्रम अडिटलाई अनिवार्य गरी प्रतिवेदन लिने व्यवस्था गर्ने। साथै श्रम अडिट गर्ने क्रममा फाराममा भरिएको उत्तरको गुणस्तर जाँच (Validity, Reliability and Third Party Verification) को व्यवस्था समेत गर्ने। मन्त्रालयले प्रतिष्ठानहरूबाट अनलाइन मार्फत् श्रम अडिटको विवरण संकलन तथा विश्लेषण गर्ने व्यवस्था मिलाउने।

८. स्थानीय तहहरूमा श्रमिक पंजीकरणका लागि श्रम डेस्क तथा स्पष्ट कार्य जिम्मेवारी सहितको श्रम अधिकारीको व्यवस्था गर्ने।

९. हाल स्वास्थ्य, शिक्षा, निजी क्षेत्र, एयरलाइन्स कम्पनी, वित्तीय क्षेत्र लगायत क्षेत्रमा कार्यरत श्रमिकहरूको विवरण संकलन गर्ने फरक फरक निकाय रहेको हुँदा सम्पूर्ण क्षेत्रमा कार्यरत श्रमिकहरूको एकीकृत अवस्था बुझ्न एउटै डाटावेश बनाई एउटै निकायबाट कार्यान्वयन तथा अनुगमन गर्ने व्यवस्था मिलाउने।

१०. वित्तीय संस्थाहरूबाट कुनै औद्योगिक वा व्यावसायिक प्रतिष्ठानलाई ऋण प्रवाह गर्दा अनिवार्य रुपमा करचुक्ता विवरणको अनुगमन भएजस्तै श्रम अडिटका सम्पूर्ण प्रक्रिया पूरा भए नभएको हेरेर मात्र ऋण स्वीकृत गर्ने व्यवस्था मिलाउने।

११. नियामक निकायहरूले प्रतिष्ठानको दर्ता नवीकरण गर्दा श्रम अडिटका सम्पूर्ण प्रक्रिया पूरा भए नभएको हेरेर मात्र नवीकरण गर्ने व्यवस्था गर्ने।

१२. कार्यस्थलको ढाँचासँग अनुकूल हुनेगरी सबै श्रमिकलाई श्रम कानूनको दायराभित्र ल्याउने व्यवस्था मिलाउने।

**ख. राज्य संरचनामा किसानको प्रतिनिधित्व सम्वन्धमा**

१. राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट किसान सदस्य निर्वाचित हुने गरी कानूनी व्यवस्था गर्ने।

२. गाउँ तथा नगरकार्यपालिकामा कार्यपालिका सदस्यको रुपमा किसानको प्रतिनिधित्वको व्यवस्था मिलाउने ।

३. कृषि श्रमिकहरूको उचित अभिलेखन हुनुपर्ने तथा सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउने व्यवस्था गर्ने।

**ग. अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा**

१. अपाङ्गताको वर्गीकरण सम्बन्धी मापदण्डमा नयाँ अपाङ्गता, जस्तै- पार्किन्सस्, छारेरोग, हात्तिपाइले, अल्विनो, एडिएचडि (Attention Deficit Hyperactivity Disorder), डिस्लेक्सिया, डिमेन्सिया, सिकाई सम्बन्धी अपाङ्गता र एउटा मात्र आँखाले देख्ने अवस्थाको अपाङ्गताको अवस्थालाई समेत समावेश गर्ने व्यवस्था मिलाउने।

२. अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक, साँस्कृतिक अवस्था र अवरोध प्रतिशतका आधारमा सेवा सुविधा प्रदान गर्ने व्यवस्था मिलाउने।

३. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान अथवा मूल्याङ्कन गर्दा चिकित्सक, मनोवैज्ञानिक, सामाजिक कार्यकर्ता, शिक्षाविज्ञ सहितको समिति गठन गर्ने व्यवस्था मिलाउने।

४. अपाङ्गता वर्गीकरण प्रणालीलाई डिजिटल प्रविधि मार्फत् व्यवस्थित र पारदर्शी बनाई वर्गीकरण गलत वा पक्षपाती भएमा उजुरी दिने प्रणालीको सुनिश्चितताको व्यवस्था मिलाउने।

**घ. अल्पसंख्यक जातजातिहरूको सम्बन्धमा**

१. राष्ट्रिय तहमा अल्पसंख्यक जाति भएपनि स्थानीय स्तरमा बाहुल्यता रहेको जातिलाई सोही स्थानीय तहमा अल्पसंख्यकको मान्यता दिई आरक्षणको सुविधा नदिने र सो स्थानीय स्तरमा अल्पसंख्यक भएको जातिलाई राष्ट्रिय तहमा वाहुल्यता रहेको जाति भए पनि आरक्षण सुविधा दिने व्यवस्था मिलाउने ।

२. हालको कानूनी व्यवस्था अनुसार अल्पसंख्यक पहिचान गर्दा जम्मा ११५ (१४२ मध्ये) जातजातिहरू अल्पसंख्यकको सूचीमा पर्ने देखिएको अवस्थामा संविधानको परिभाषा समेतलाई मध्यनजर गरी अल्पसंख्यक पहिचानको उपयुक्त (संख्यात्मक र गुणात्मक आधारमा) मापदण्डको व्यवस्था गर्ने।

**ङ. उच्च शिक्षामा समावेशीकरण सम्बन्धमा**

१. उच्च शैक्षिक संस्थाहरू राजधानी र मुख्य शहरमा केन्द्रित भएकोले तिनीहरूको विकेन्द्रिकरण गर्ने तथा बहिष्कृत र सीमान्तीकृत नागरिकको उच्च शिक्षामा पहुँच बृद्धि गर्न आवश्यक छात्रवृत्ति र अन्य स्रोतसाधनको पर्याप्त व्यवस्था मिलाउने।

२. हाल विद्यमान उच्च शैक्षिक संस्थामा समावेशी नीतिलाई वर्गीय आधारमा लागू गरी बहिष्कृत र सीमान्तीकृत नागरिकको समावेशीकरण गर्न ठोस मापदण्ड बनाई कार्यान्वयनको व्यवस्था गर्ने।

**च. पिछडिएको क्षेत्र पहिचान सम्बन्धमा**

१. बहुआयामिक गरिवी सूचकाङ्क (MPI), मानव विकास सूचकाङ्क (HDI), शिक्षा, स्वास्थ्य, आय, यातायात, सञ्चार, खानेपानी तथा भौगोलिक विकटताका आधारमा जिल्ला भन्दा पालिका तहमा पिछडिएको क्षेत्रको सूची तयार गर्ने।

२. बुँदा नम्बर १ मा उल्लेखित आधार बमोजिम समग्र रुपमा पछाडि परेका जिल्लाहरूलाई विशेष जिल्लाको रूपमा पिछडिएको क्षेत्रमा सूचीकृत गर्ने।

**छ. ज्येष्ठ नागरिक सम्बन्धमा**

१. वृद्धाश्रम तथा आवासीय सेवा केन्द्रहरूको पूर्वाधार दक्ष जनशक्ति र सेवाको गुणस्तरको आधारमा वर्गीकरण गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने।

२. असहाय र वेसहारा ज्येष्ठ नागरिकका लागि प्रदेशस्तरमा वृद्धाश्रमहरू निर्माण गरी सो को संचालन सरकारी, निजी तथा सामुदायिक साझेदारी मार्फत गर्ने गरी नीतिगत तथा कानूनी व्यवस्था गर्ने।

३. वृद्धाश्रम संचालनसँग सम्बद्ध जनशक्तिले अनिवार्य रुपमा जेरियाटिक तालिम लिनुपर्ने व्यवस्था गर्ने।

४. संघीय सरकारले वृद्धाश्रम संचालन सम्बन्धी नमूना कार्यविधि बनाउने र सो अनुसार प्रदेश सरकार र स्थानीय तहले कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।

५. ज्येष्ठ नागरिकको सम्पत्ति बाँचुञ्जेल कसैले दावी गर्न नपाउने र शेषपछि वकस दिन इच्छा (Will) सिस्टम लागू गर्ने। शेषपछिको वकस गर्ने प्रक्रियालाई सरलीकृत गर्ने व्यवस्था मिलाउने।

६. ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा उमेरलाई मात्र आधार नलिई निजको आर्थिक तथा सामाजिक अवस्थालाई समेत मध्यनजर गरी वितरण गर्ने व्यवस्था मिलाउने।

७. घुम्ती क्लिनिक, टेलि मेडिसिन आदिको माध्यमबाट सरल उपचार प्रणालीको व्यवस्था गर्ने।

८. पारिवारिक विछोडबाट मानसिक समस्यामा परेका ज्येष्ठ नागरिकलाई उचित परामर्शको व्यवस्था गर्ने।

## ४.२ सुझाव सम्बन्धमा

आयोगबाट प्रतिवेदन वर्षमा ज्येष्ठ नागरिक र किसान समुदायको अवस्थाबारे स्थलगत अध्ययन भएको थियो। उक्त अध्ययनको निष्कर्ष बमोजिम ज्येष्ठ नागरिक र किसान समुदायको हक अधिकारको संरक्षणका लागि सुझाव दिन आवश्यक देखि मिति २०८१/१२/२६ गतेको आयोगको निर्णय अनुसार नेपाल सरकारलाई देहायका सुझाव प्रेषित गरिएको थियो।

### कृषि सम्बन्धी

- किसानहरूलाई वर्गीकरण सहितको परिचयपत्र उपलब्ध गराई सोही आधारमा कृषि अनुदान वितरण गर्नुपर्ने।
- संघीय कृषि ऐन तत्काल जारी गर्नुपर्ने।
- कृषि अनुदानलाई उत्पादनको आधारमा वितरण गर्ने। आगत (Inputs) को आधारमा अनुदान दिनुपर्ने भए कृषि ब्याज अनुदान दिने व्यवस्था गर्नुपर्ने।

### ज्येष्ठ नागरिक सम्बन्धी

- ज्येष्ठ नागरिकहरूलाई परिचयपत्र वितरण गर्ने सफ्टवेयर प्रणालीलाई ज्येष्ठ नागरिकमैत्री बनाउनु पर्ने।
- नेपाली नागरिकताको प्रमाणपत्र नभएका, ज्येष्ठ नागरिक हेरचाह केन्द्रमा रहेका वेवारिसे ज्येष्ठ नागरिकहरूले सामाजिक सुरक्षा भत्ताबाट बञ्चित हुनुपरेको हुँदा निजहरूले पाउने भत्ता बराबरको रकम सम्बन्धित संस्थालाई निश्चित शर्त सहित उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्ने।
- ज्येष्ठ नागरिकहरूलाई नियमित रूपमा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउनुपर्ने।

- ज्येष्ठ नागरिक हेरचाह केन्द्र/वृद्धाश्रमहरू सार्वजनिक निजी साझेदारीमा सञ्चालन तथा व्यवस्थापन गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने।

## ४.३ सिफारिस कार्यान्वयनको अवस्था

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले तोकेको आयोगको कार्यक्षेत्र भित्र लक्षित वर्ग, समुदाय र क्षेत्रको हक हित संरक्षण, विकास र सशक्तीकरणका लागि नेपाल सरकारलाई नीति तथा सुझाव सिफारिस गर्ने रहेको छ। आयोगको गठन पश्चात आयोगले आफ्नो कार्यक्षेत्र भित्र रही अध्ययन, अनुसन्धान र स्थलगत अवलोकन गर्दै आएको छ। यसै सन्दर्भमा आयोगले आ.ब. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रममा आयोगले गरेका सिफारिसहरूको कार्यान्वयनको अवस्था र समावेशीकरण सम्बन्धी प्रभाव अध्ययन कार्यक्रममा आ.ब. २०८०/८१ को अन्त्यसम्म नेपाललाई सरकारलाई सिफारिस गरेका ३० वटा सिफारिसका विषयमा अध्ययन गरेको थियो। उक्त अध्ययनबाट सिफारिस कार्यान्वयनको ठोस तथ्यांक प्राप्त गर्न नसकेपनि प्रतिवेदनमा उल्लेख भएको नेपाल सरकारका वार्षिक नीति तथा कार्यक्रम र आवधिक योजनामा सम्बोधन भएका सिफारिसलाई तलको तालिकामा चित्रण गरिएको छ।

**तालिका नं. ७**

राष्ट्रिय समावेशी आयोगबाट गरिएका सिफारिशहरूको नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र योजनामा कार्यान्वयनको अवस्था

| क्र.सं. | राष्ट्रिय समावेशी आयोगबाट सिफारिस भएका विषयहरू | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | कोभिड-१९ को संक्रमणबाट नेपालको सामाजिक, आर्थिक एवम् अन्य क्षेत्रहरूमा परेका असर/प्रभाव न्यूनीकरण गरी अर्थव्यवस्थालाई पुनरुत्थान गर्ने सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७७/७८ को बुँदा नं. २१, २२, २३, ३५, ३७, ३८, ३९, ४० मा र २०७९/८० को बुंदा नं. ८ र ११ मा उल्लेख |
| २ | सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली, २०७६ को कार्यान्वयनसँगै विगतमा प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता पाउनबाट वञ्चित वर्ग, समुदाय र क्षेत्रको उचित सम्बोधनको सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७७/०७८ को बुँदा नं. ८९, २०७९/८० को बुँदा नं. ९९ मा र सोह्रौ योजनाको पेज नं. १७३ को ८ नं., १७५ को १५ नं. मा उल्लेख |

| | | |
|---|---|---|
| ३ | ज्येष्ठ नागरिकहरूको लागि सरकारले भविष्यमा अवलम्बन गर्नुपर्ने नीति, कानून तथा कार्यक्रमहरूका सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममा २०७७/०७८ को बुंदा नं. २४०, २०७९/८० को बुँदा नं. ९८ र ९९ तथा सोह्रौं योजनाको पेज नं. १३ र पेज नं. १७६ को तालिकाको १२ नं. मा उल्लेख |
| ४ | आयोगको कार्यक्षेत्रभित्र पर्ने लक्षित वर्गहरू विशेष गरी सीमान्तीकृत, लोपोन्मुख, अल्पसंख्यक, विपन्न तथा पिछडा वर्गको आर्थिक, सामाजिक विकासको लागि सम्पूर्ण सुविधा सहितको एकीकृत बस्ती विकासको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७७/०७८ को बुंदा नं. १९२, १९३ र २०७९/८० को बुंदा नं. ३३ तथा सोह्रौं योजनाको पेज १५६ को ५ मा उल्लेख |
| ५ | जनता आवास कार्यक्रम अन्तर्गत मुसहर बस्तीको व्यवस्थापन सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७७/०७८ को बुंदा १९३, २०७९/८० को बुंदा नं. ६७ तथा सोह्रौं योजना योजनाको पेज नं. १५६ को २ मा उल्लेख |
| ६ | प्रत्येक श्रमिक तथा कर्मचारीलाई कार्यस्थलबाट आफ्नो जनप्रतिनिधि छनौट गर्न मतदान गर्ने अवस्था सुनिश्चित हुने व्यवस्था गर्ने सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुंदा नं. ३ र सोह्रौं योजनाको पेज नं. २२८ को ५ मा उल्लेख |
| ७ | रोजगार व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७७/०७८ को बुंदा नं. ८२, ८३, ८४, ८५ र २०७९/८० को बुंदा नं. १६ मा उल्लेख |
| ८ | सरकारी सेवामा करार/मासिक पारिश्रमिक/दैनिक ज्यालादारीमा काम गर्ने कर्मचारी/श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्धता गराउने सम्बन्धमा | नेपाल सरकारको मिति २०८१।१२।१५ गतेको निर्णयानुसार कार्यान्वयन |

| | | |
|---|---|---|
| ९ | संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका विशेष व्यवस्था सम्बन्धमा | उल्लेख नभएको |
| १० | लोपोन्मुख जाति अन्तर्गत फिरन्ते समुदायका रुपमा रहेका राउटे जाति/समुदायको सुरक्षा विकास र सामाजिकीकरणका सम्बन्धमा | सोह्रौं योजनाको पेज नं. २०१ को ७ मा उल्लेख |
| ११ | सरकारी सेवामा आरक्षण व्यवस्था सम्बन्धमा | लोक सेवा आयोग, शिक्षक सेवा आयोग र त्रि.वि. सेवा आयोग लगायतका सरकारी सेवामा आरक्षण व्यवस्था कार्यान्वयनमा रहेको। |
| १२ | चिया श्रमिकको विषयमा श्रम कानूनलाई थप स्पष्ट बनाउने सम्बन्धमा | श्रम कानून संशोधनको प्रक्रियामा रहेको। |
| १३ | राउटे संरक्षण नीतिका सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुंदा नं. ६७ तथा सोह्रौं योजनाको पेज नं. १७५ को १५ मा उल्लेख |
| १४ | साविक कर्णाली अञ्चल तथा पिछडिएको क्षेत्रको समृद्धि र विकासका सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुँदा नं. ६२, ९२, १०४ तथा सोह्रौं योजनाको पेज नं. १९० को ३ र ५ मा उल्लेख |
| १५ | नेपालको शिक्षा नीतिका सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुंदा नं. ८३, ८५, १०४, १०७, १०८ तथा सोह्रौं योजनाको पेज नं. ११६ को २१, पेज नं. ११७ को २२ र २४, पेज नं. ११८ को २५, २६, २७, पेज नं. ११९ को २८ मा उल्लेख |
| १६ | अल्पसंख्यक समुदाय (पथरकट्टा, नेटुवा, कुसुण्डा तथा बादी लगायत) को संरक्षण र | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुंदा नं. ६७ |

| | | |
|---|---|---|
| | सशक्तीकरणका सम्बन्धमा | र सोह्रौं योजनाको पेज नं. १७२ को ७ मा उल्लेख |
| १७ | ज्येष्ठ नागरिकको सम्मानित तथा सहज जीवनयापनका सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुंदा नं. ९८, ९९ तथा सोह्रौं योजनाको पेज नं. ११९ को २९ मा उल्लेख |
| १८ | अपाङ्गता भएका व्यक्तिको हक, हितको संरक्षण प्रवर्द्धन तथा सहज जीवनयापनका सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुंदा नं. ९८, ९९ तथा सोह्रौं योजनाको पेज नं. ११९ को २९ मा उल्लेख |
| १९ | पुस्तकालय तथा स्थानीय संग्रहालयहरूको स्थापना, विकास र प्रवर्द्धन सम्बन्धमा | उल्लेख नभएको |
| २० | स्थानीय तह र अस्पतालमा फोहोर संकलन, ओसार पसार तथा विसर्जन गर्ने सरसफाईकर्मीहरूको स्वास्थ्य सुरक्षाका सम्बन्धमा | सोह्रौं योजनाको पेज नं. ११२ को २ र पेज नं. ११४ को ९ मा उल्लेख |
| २१ | पिछडिएको क्षेत्रको भौतिक तथा सामाजिक विकासका सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुंदा नं. ९२, १०४ तथा सोह्रौं योजनाको पेज नं. ११६ को १७ मा उल्लेख |
| २२ | श्रमिकहरूको हकसम्बन्धी | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुंदा नं. ११७, ११८, ११९ तथा सोह्रौं योजनाको पेज नं. ९६ को ३, ४, ५ र पेज नं. ९७ को ६ मा उल्लेख |
| २३ | खस आर्यको थर सूचीकरण सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८१ जेष्ठ ११ गते मन्त्रिपरिषद्मा प्रस्ताव गएको |
| २४ | राष्ट्रिय कृषि नीतिमा समावेश गर्नुपर्ने विषयहरूका सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुंदा नं. १४, २३, २५, २७, २८, २९, ३० तथा सोह्रौं |

| | | |
|---|---|---|
| | | योजनाको पेज नं. ३९ को ९ मा उल्लेख |
| २५ | किसानका हक, अधिकार र जीवनस्तर सुधारका सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० को बुंदा नं. २७, २९, ३० तथा सोह्रौं योजनाको पेज नं. ३२ को १, पेज नं. ३७ को २, पेज नं. ३९ को ९, पेज नं. २०० को २ मा उल्लेख |
| २६ | विपन्न खस आर्यका सम्बन्धमा | नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम २०७९/८० मा पेज १६३ को पृष्ठभूमिमा र सोह्रौं योजनाको पेज नं. १७५ को १५ नं. मा शब्दावली उल्लेख |
| २७ | राजनीतिक समावेशीता सम्बन्धमा | सोह्रौं योजनाको पेज नं. १६७ को ७, पेज नं. १६७ को ८.४ को १ मा उल्लेख |
| २८ | पिछडा वर्ग थर सूचीकरण सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८१ जेष्ठ ११ गते मन्त्रिपरिषद्मा प्रस्ताव गएको |
| २९ | आरक्षण व्यवस्था सम्बन्धमा | सोह्रौं योजनाको पेज नं. १६७ को ८.४ को १ मा उल्लेख |
| ३० | विपन्न खस आर्यको पहिचान सम्बन्धमा | सोह्रौं योजनाको पेज नं. १६७ को ८.४ को १ मा उल्लेख साथै सरकारी सेवामा कार्यान्वयन हुँदै आएको |

अध्ययनले दिएको निष्कर्षका आधारमा यस आयोगबाट भएका सिफारिसहरुको कार्यान्वयन अवस्था सम्बन्धमा सन्तुष्ट हुन सक्ने अवस्था रहेको छैन। आयोगबाट गरिएका सिफारिस नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् योजनामा नीतिगत सम्बोधन भएको छ। त्यसैगरी खस आर्य तथा पिछडा वर्गको थर सूचीकरण सम्बन्धमा आयोगले गरेको सिफारिस मन्त्रिपरिषद्बाट निर्णय हुन नसकेको अवस्था छ।

आयोगले गरेको सिफारिसहरूको प्रभावकारी कार्यान्वयनको लागि आयोगको वार्षिक प्रतिवेदन संघीय संसदमा छलफल गर्नुपर्ने र महिला तथा सामाजिक मामिला समितिले अनुगमन गर्नु पर्दछ।

# परिच्छेद - पाँच

# समस्या तथा चुनौतीहरू

## ५.१ समस्याहरू

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ अनुसार विभिन्न एघार वटा लक्षित समुदाय, वर्ग तथा क्षेत्र आयोगको कार्यक्षेत्र भित्र पर्दछन् । लक्षित समुदाय, वर्ग तथा क्षेत्रको हक, अधिकारको संरक्षण, विकास र सशक्तीकरणका सम्बन्धमा अध्ययन, अनुसन्धान सम्बन्धी कार्यलाई नतिजामुखी र प्रभावकारी तुल्याउने क्रममा आयोगले विभिन्न समस्याहरू भोग्नु परेको छ। कार्यसम्पादनको सिलसिलामा आयोगले पहिचान गरेका मुख्य समस्याहरू देहायबमोजिम रहेका छन्:

क. आयोगको कार्यक्षेत्रभित्र पर्ने आर्थिक रुपले विपन्न वर्ग र अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय, पिछडिएको क्षेत्रको पहिचानका आधार र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु,

ख. आयोगको कार्यक्षेत्र भित्र विभिन्न एघार वटा लक्षित समुदाय, वर्ग र क्षेत्र पर्ने भएकोले कार्यक्षेत्रको व्यापकतालाई मध्यनजर गरी सो अनुरुप बजेट विनियोजन नहुँदा कार्यसम्पादनलाई अपेक्षित रुपमा प्रभावकारी बनाउन नसकिनु,

ग. आयोगमा लामो समय देखि आयोगका अध्यक्ष र सदस्य पद नियुक्त नहुनु,

घ. लक्षित वर्ग सम्बन्धी खण्डीकृत तथ्याङ्कको अभाव हुनु,

ङ. आयोगबाट भएका सिफारिसहरू कार्यान्वयनको अवस्था कमजोर हुनु,

च. नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन बमोजिमको कार्यक्षेत्र र काम, कर्तव्य पूरा गर्न आयोगमा आवश्यक दरबन्दी र दक्ष जनशक्तिको कमी हुनु,

छ. आयोगमा कार्यरत सचिव तथा कर्मचारीको अवधि नपुगी सरूवा गरिनु,

ज. आयोगको कार्यालय सञ्चालनमा रहेका भौतिक संरचनाहरू अपर्याप्त र कमजोर भएकाले सुरक्षित र उपयुक्त कार्यवातावरणको अभाव हुनु,

## ५.२ चुनौतीहरू

आयोगको काम कारवाहीलाई थप प्रभावकारी बनाउन आयोगको संस्थागत सुदृढीकरण गर्नु मुख्य चुनौतीको रुपमा रहेको छ। आयोगले आफ्नो कार्यसम्पादनका क्रममा देहायबमोजिमका चुनौतीहरू सामना गर्नु परेको छः-

क. नेपाल सरकारको तीनै तहका निकाय र आम नागरिकमा समावेशिता सम्बन्धी बुझाइमा एकरुपता कायम गर्नु,

ख. आयोगको कार्यक्षेत्रभित्र पर्ने पिछडिएको क्षेत्र, आर्थिक रुपले विपन्न वर्ग र अल्पसंख्यक एवम् सीमान्तीकृत समुदायको पहिचानका स्पष्ट आधार र मापदण्ड निर्धारण गर्नु,

ग. विभिन्न आयोगहरूबीच कार्यक्षेत्रका सम्बन्धमा देखिएका दोहोरोपनाको अन्त्य गर्नु,

घ. समावेशीकरणको लाभ सम्बन्धित वर्गका सीमित व्यक्तिले पाउने अवस्थाको अन्त्य गरी त्यस्तो समुदायका आर्थिक रूपले कमजोर वर्गले पाउने व्यवस्था गर्नु,

ङ. लक्षित वर्गको सशक्तीकरण एवम् हित अभिवृद्धि सम्बन्धमा नेपाल सरकारद्वारा सञ्चालित कार्यक्रमहरूको सघन अनुगमन गरी रचनात्मक पृष्ठपोषण प्रदान गर्नु,

च. लक्षित वर्गका हकहितका सम्बन्धमा दिएका सिफारिशहरू सम्बन्धित निकायबाट कार्यान्वयन गराउनु,

छ. आयोगको कार्यक्षेत्र अनुसार प्रशासनिक संरचना र पूर्वाधारलाई अनुसन्धानमैत्री बनाउनु,

ज. खस आर्य र पिछडा वर्गको थर सूचीकरण सम्बन्धमा गरेको सिफारिस मन्त्रिपरषद्‌बाट स्वीकृत गराई कार्यान्वयन गराउनु।

# परिच्छेद - ६
# आगामी कार्यदिशा

नेपालको संविधानले राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गरेको छ। जातीय, धार्मिक र भाषिक रुपमा विभेद र उत्पीडन भोगेका अल्पसंख्यक समुदाय र भौगोलिक, राजनीतिक, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका सीमान्तीकृत, अति सीमान्तीकृत एवम् लोपोन्मुख समुदायको शासन व्यवस्थामा सार्थक पहुँच तथा प्रतिनिधित्वको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ।

लक्षित समुदाय, वर्ग र क्षेत्रको सशक्तीकरण एवम् त्यस्ता समुदाय, वर्ग र क्षेत्रको हक, अधिकारको संरक्षणमा आयोगको काम, कारवाहीलाई थप प्रभावकारी बनाउन देहायबमोजिमका सवालहरूमा केन्द्रित हुन आवश्यक रहेको छ।

## ६.१ लक्षित वर्गको हकहित सम्बन्धी

### क. खस आर्य

- राष्ट्रिय समावेशी आयोगले सिफारिस गरेको खस आर्यको थर सूचीकरणलाई नेपाल सरकार (मन्त्रीपरिषद्)बाट पारित गराई नेपाल राजपत्रमा प्रकाशन गर्नु,
- आर्थिक रुपले विपन्न खस आर्यको पहिचानका लागि स्पष्ट आधार तथा मापदण्ड तयार गरी सिफारिस गर्नु।

### ख. पिछडा वर्ग

- राष्ट्रिय समावेशी आयोगले सिफारिस गरेको पिछडा वर्गको थर सूचीकरणलाई नेपाल सरकार (मन्त्रीपरिषद्) बाट पारित गराई नेपाल राजपत्रमा प्रकाशन गर्नु।

### ग. अपाङ्गता भएका व्यक्ति

- अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता र राष्ट्रिय कानूनको कार्यान्वयनको प्रभावकारी अनुगमन गर्नु,

- अति अशक्त (हिँडडुल गर्न नसक्ने र सहयोगी आवश्यक पर्ने) अपाङ्गता भएका व्यक्तिका लागि सहयोगी  सुविधा उपलब्ध गराउन पहल गर्नु,
- अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादित जीवनयापन गर्न सार्वजनिक सेवा तथा सुविधामा पहुँच पुऱ्याउन पहल गर्नु।

**घ. किसान**

- कृषकसँग सम्बन्धित विद्यमान नीति, ऐन तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अवस्थाको अध्ययन गर्नु,
- कृषकलाई प्रदान गरिने अनुदानको प्रभावकारी रूपमा कार्यान्वयनको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्नु।

**ङ. पिछडिएको क्षेत्र**

- पिछडिएको क्षेत्रको आर्थिक सम्भाव्यता, सभ्यता र कला संस्कृति सम्बन्धी अध्ययन गराई नेपाल सरकारलाई सो सम्बन्धमा सिफारिस गर्नु,

च. आर्थिक रूपले विपन्न वर्ग, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय र पिछडिएको वर्ग

- नेपालमा रहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको सशक्तीकरणका उपायहरूको सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई सिफारिस गर्नु,
- लक्षित वर्ग तथा समुदायको विकासका लागि क्षमता विकास तथा सशक्तीकरणका कार्यक्रमहरू सघन रुपमा सञ्चालन गर्न सरकारलाई सिफारिस गर्नु,
- तीनै तहका सरकारबाट लक्षित समूहका लागि सञ्चालन भएका सबै कार्यक्रमको नियमित अनुगमन गरी यसमा क्रमशः सुधारका लागि सुझाव दिनु,
- आर्थिक रूपले विपन्न वर्गको पहिचानको आधार र मापदण्ड सम्बन्धमा अध्ययन गराई नेपाल सरकारलाई सिफारिस गर्नु।

**छ. ज्येष्ठ नागरिक**

- वृद्धाश्रम, दिवा स्याहार केन्द्र, स्याहार केन्द्र र उपचार केन्द्रको अनुगमन गरी सुधारका लागि सरकारलाई सुझाव दिनु,
- ज्येष्ठ नागरिकको वर्गीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी विद्यमान व्यवस्थाको पुनरावलोकन गरी नेपाल सरकारलाई सिफारिस गर्नु।

**ज. श्रमिक**

- निजी तथा संस्थागत विद्यालय तथा स्वास्थ्य क्षेत्रका श्रमिकहरूको अवस्था अध्ययन गरी सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव तथा सिफारिस गर्ने,
- श्रमिक सम्बन्धी नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता र श्रम कानून कार्यान्वयनको प्रभावकारी अनुगमन गर्नु।

**झ. सिफारिस कार्यान्वयन सम्बन्धी**

- आयोगले गरेका सिफारिस कार्यान्वयनको अवस्था सम्बन्धमा आयोगबाट निरन्तर अनुगमनको व्यवस्था गर्नु।

**ञ. अन्य**

- आयोगलाई सुदृढ गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउन पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु।

## ६.२ आयोगको सांगठनिक सुदृढीकरण सम्बन्धी

### ६.२.१ भौतिक संरचनाको सुदृढीकरण

आयोग परिसरमा रहेको प्रतिक्षालय लगायत आयोगका भवनहरूको मर्मत सम्भार गर्ने तथा सवारी साधन र विद्युतीय उपकरणको मर्मत सम्भार गरी आयोगको कामकारवाहीलाई प्रभावकारी बनाउनु।

### ६.२.२ वित्तीय व्यवस्थापन

निर्दिष्ट संवैधानिक जिम्मेवारी पूरा गर्न तथा आयोगको संस्थागत सुदृढीकरण गर्न आयोगलाई आगामी दिनमा आयोगको कार्यक्षेत्र, जिम्मेवारी एवम् आवश्यकताका आधारमा पर्याप्त बजेटको व्यवस्थाका लागि पहल गर्नु।

## ६.३ सचेतना अभिबृद्धि

आम जनतामा आयोगको कार्यक्षेत्र, अधिकार तथा जिम्मेवारीको सम्बन्धमा सचेतना अभिबृद्धि (जानकारी गराउने) उद्देश्यले रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्नुका साथै समावेशी स्मारिका प्रकाशन तथा वितरण गर्नु ।

## अनुसूची-१

### आर्थिक वर्ष २०८१/८२ मा आयोगमा कार्यरत कर्मचारीहरूको नामावली

| क्र.सं. | कर्मचारीको नाम थर | पद | श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १. | ईश्वर कुमार गिरी | सचिव | रा.प. प्रथम | मिति २०८१।०७।१२ मा रमाना |
| २. | बलराम निरौला | सचिव | रा.प. प्रथम | मिति २०८२।०५।०२ मा रमाना |
| ३. | सुशिला कुमारी पंथ | उपसचिव | रा.प. द्वितीय | |
| ४. | सुचित्रा राई | शाखा अधिकृत | रा.प. तृतीय | मिति २०८१।१०।२७ मा रमाना |
| ५. | सुनिता पहरी | शाखा अधिकृत | रा.प. तृतीय | मिति २०८१।०६।२९ मा रमाना |
| ६. | दिल कृष्ण श्रेष्ठ | शाखा अधिकृत | रा.प. तृतीय | मिति २०८२।०२।१३ मा रमाना |
| ७. | देउ कुमार लावती | शाखा अधिकृत | रा.प. तृतीय | |
| ८. | तेजनारायण तिवारी | शाखा अधिकृत | रा.प. तृतीय | |
| ९. | जनार्दन रिजाल | नायव सुब्बा | रा.प.अनं. प्रथम | मिति २०८२।०१।०४ मा रमाना |
| १०. | सुरेन्द्र थापा | नायव सुब्बा | रा.प.अनं. प्रथम | |
| ११. | भोजराज अधिकारी | नायव सुब्बा | रा.प.अनं. प्रथम | |
| १२. | सन्तोष भण्डारी | लेखापाल | रा.प.अनं. प्रथम | मिति २०८१।११।२० मा रमाना |
| १२. | लक्ष्मण गौतम | लेखापाल | रा.प.अनं. प्रथम | |

| | | | | |
|---|---|---|---|---|
| १३. | प्रेम कार्की | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | |
| १४. | विनोद प्रसाद जोशी | निजी सहायक | रा.प.अनं. प्रथम | सेवा करार |
| १५. | देवराज तिमिल्सिना | निजी सहायक | रा.प.अनं. प्रथम | सेवा करार |
| १६. | कल्पना खत्री | निजी सहायक | रा.प.अनं. प्रथम | सेवा करार |
| १७. | विनोद महर्जन | हलुका सवारी चालक | श्रेणी विहिन | सेवा करार |
| १८. | सुमन थापा | हलुका सवारी चालक | श्रेणी विहिन | सेवा करार |
| १९. | राम कुमार ओझा | हलुका सवारी चालक | श्रेणी विहिन | सेवा करार |
| २०. | सुर्य बहादुर तामाङ | हलुका सवारी चालक | श्रेणी विहिन | सेवा करार |
| २१. | रमा खनाल | कार्यालय सहयोगी | श्रेणी विहिन | सेवा करार |
| २२. | शान्ति तिमिल्सिना | कार्यालय सहयोगी | श्रेणी विहिन | सेवा करार |
| २३. | तिल कुमारी सुवेदी | कार्यालय सहयोगी | श्रेणी विहिन | सेवा करार |
| २४. | मिरा लामा | कार्यालय सहयोगी | श्रेणी विहिन | सेवा करार |
| २५. | सुरेश नेपाली | कार्यालय सहयोगी | श्रेणी विहिन | सेवा करार |
| २६. | श्याम माया हरिजन | स्वीपर | श्रेणी विहिन | सेवा करार |

# अनुसूची-२
# आयोगको खर्च भएर नजाने भौतिक सामाग्रीहरूको विवरण

## २.१ आयोगले हालसम्म खरिद गरेका भौतिक सामाग्रीहरुको विवरण

| क्र.स. | जिन्सी सामानको नाम | एकाइ | परिमाण | जिन्सी सामानको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | थान | ३ | चालु | |
| २ | स्कुटर | थान | २ | चालु | |
| ३ | इलेक्ट्रिक स्कुटर | थान | १ | चालु | |
| ४ | कम्प्युटर (डेस्कटप) | थान | १९ | चालु | |
| ५ | प्रिन्टर | थान | २८ | चालु | |
| ६ | ल्यापटप | थान | १० | चालु | |
| ७ | अफिस टेबल | थान | ११ | चालु | |
| ८ | अफिस कुर्सि | थान | ४५ | चालु | |
| ९ | टि-टेबल | थान | २२ | चालु | |
| १० | सोफासेट | थान | १९ | चालु | |
| ११ | कार | थान | ५ | चालु | |
| १२ | विद्युत्तीय हाजिर सफ्टवेयर समेत | थान | १ | चालु | |
| १३ | ए.सि. | थान | १० | चालु | |
| १४ | दराज | थान | १२ | चालु | |
| १५ | कम्प्युटर टेबल | थान | ७ | चालु | |
| १६ | बुक केश | थान | ६ | चालु | |
| १७ | प्रोजेक्टर | थान | २ | चालु | |
| १८ | फ्याक्स मेसिन | थान | १ | चालु | |
| १९ | भ्याकुम क्लिनर | थान | २ | चालु | |
| २० | टेलिभिजन ४३ इन्च एल जि | थान | १ | चालु | |
| २१ | क्यामरा | थान | १ | चालु | |
| २२ | आइप्याड | थान | २ | चालु | |
| २३ | दुबो काट्ने मेसिन | थान | १ | चालु | |
| २४ | रेफ्रिजेरेटर | थान | १ | चालु | |
| २५ | यु.पि.एस. | थान | ५ | चालु | |
| २६ | इन्भटर | थान | १ | चालु | |

## २.२ आयोगलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हस्तान्तरण भएका पुराना जिन्सी सामाग्रीहरुको विवरण

| क्र.स. | जिन्सी सामानको नाम | एकाइ | परिमाण | जिन्सी सामानको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार | थान | ३ | १ थान चालु नरहेको | |
| २. | युनिकन १ यामाहा २ | थान | ३ | चालु | |
| ३. | कम्प्युटर सेट | थान | १० | चालु नरहेको | |
| ४. | प्रिन्टर | थान | ७ | चालु नरहेको | |
| ५. | ल्यापटप पुराना | थान | ८ | चालु नरहेको | |
| ६. | फोटोकपी मेसिन | थान | १ | चालु रहेको | |
| ७. | सिलिण्डर | थान | ५ | चालु रहेको | |
| ८. | अफिस टेवल | थान | ४५ | ३० थान चालु नरहेको | |
| ९. | अफिस कुर्सी | थान | ३ | चालु नरहेको | |
| १०. | सोफा सेट | थान | ३ | चालु नरहेको | |
| ११. | कुर्सी | थान | ९३ | २० थान चालु नरहेको | |
| १२. | यू.पि.एस. | थान | ३ | चालु नरहेको | |
| १३. | माइक | थान | ८ | चालु नरहेको | |
| १४. | दराज | थान | १२ | मर्मत गर्नुपर्ने | |
| १५. | विद्युतिय हाजिर सफ्टवयर समेत | थान | १ | चालु नरहेको | |
| १६. | कम्प्युटर टेवल | थान | ३ | चालु रहेको | |
| १७. | बुक केश | थान | १ | चालु रहेको | |
| १८. | प्रोजेक्टर | थान | १ | चालु नरहेको | |
| १९. | फ्याक्स मेसिन | थान | १ | चालु नरहेको | |
| २०. | भ्याकुम क्लिनर | थान | १ | चालु नरहेको | |
| २१. | ग्यास चुलो | थान | १ | चालु नरहेको | |
| २२. | टेलिभिजन | थान | १ | चालु रहेको | |
| २३. | न्याक काठको | थान | ९ | ६ थान चालु नरहेको | |
| २४. | ह्वील व्यारो | थान | १ | चालु नरहेको | |
| २५. | स्क्यानर | थान | १ | चालु रहेको | |
| २६. | जेनेरेटर | थान | १ | चालु नरहेको | |

## अनुसूची -३

### आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम तर्फको विनियोजित बजेट र खर्च रकम

(रकम रु.मा)

| सि.नं. | कार्यक्रम विवरण | विनियोजित बजेट | संशोधित अन्तिम बजेट | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गको सशक्तिकरण तथा समावेशीकरण सम्बन्धमा नीति, कार्यक्रम तथा सचेतनामूलक सामाग्री तयार गर्ने | ५००००० | ४२४७२० | ४०७६९९ | |
| २ | वार्षिक प्रतिवेदन लगायत प्रकाशन | ३००००० | २८७५१३ | २८७५१३ | |
| ३ | समावेशीकरण सम्बन्धी लेख/रचना समावेश गरी स्मारिका प्रकाशन | २००००० | १५०००० | १४६४९५ | |
| ४ | पिछडिएको क्षेत्रको स्थिति र पहिचानका आधारसम्बन्धी अध्ययन | ३००००० | २२७२५० | २२७२५० | |
| ५ | आदिवासी र आदिवासी जनजातिको पहिचानको आधार सम्बन्धी तुलनात्मक अध्ययन | ३००००० | २२७२५० | २२७२५० | |
| ६ | विपन्न खस आर्य पहिचानका आधार तथा राज्यका निकायमा पहुँच सम्बन्धी अध्ययन | ३०५००० | २२८७५० | ५८८२५ | |
| ७ | अल्पसंख्यक एवम् सीमान्तीकृत समुदायको पहिचानका आधार तथा सशक्तीकरण रणनीति सम्बन्धी अध्ययन | ५००००० | ४०४७५० | ४०४५९३ | |
| ८ | राज्य संयन्त्रमा कर्णालीका नागरिकहरुको पहुँच र प्रतिनिधित्वको अवस्था तथा | ३००००० | २२५००० | २१६००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सशक्तिकरण रणनीति सम्बन्धी अध्ययन | | | | |
| ९ | पिछडा वर्गको वर्गीकरणका आधारहरु र प्रतिनिधित्व सम्बन्धी अध्ययन | ३००००० | २२७२५० | २२६३०४ | |
| १० | किसानका हक अधिकारका सवालमा बनेका कानूनको कार्यान्वयन तथा राज्यका संरचनामा पहुँच र प्रतिनिधित्व सम्बन्धी अध्ययन | ४८०००० | ३८७८७५ | ३८१२३९ | |
| ११ | ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन/अवलोकन | ५००००० | ३७५००० | ३६०००० | |
| १२ | वृद्धाश्रम संचालन तथा व्यवस्थापन सम्बन्धी आधार र मापदण्ड सम्बन्धी अध्ययन | ३००००० | २२८००० | १९४२०० | |
| १३ | अपाङ्गता भएका व्यक्तिको वर्गीकरणका आधार र राज्यमा पहुँचको स्थिति सम्बन्धी अध्ययन | ३००००० | २२६२५० | २०६७५० | |
| १४ | श्रम कानून कार्यान्वयनको अवस्था र समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा श्रमिकहरुको प्रतिनिधित्व सम्बन्धी अध्ययन | ५००००० | ३७५००० | ३७०२०० | |
| १५ | आयोगले गरेका सिफारिसहरुको कार्यान्वयन अवस्था र समावेशीकरण सम्बन्धी प्रभाव अध्ययन | ४२०००० | ३१५००० | २०७८६५ | |
| १६ | विद्यालय शिक्षामा समावेश गर्न समावेशीता सम्बन्धी | २००००० | १५४५०० | १०७००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पाठ्यक्रमको प्रारुप तयार गर्ने | | | | |
| १७ | आयोगले गर्ने अध्ययनसँग सम्बन्धित विषय अध्ययनरत विद्यार्थीहरुलाई ईन्टर्नसिप गराउने | ३०००00 | २२५००० | ० | |
| १८ | वार्षिक समिक्षा | २००००० | १५०००० | ११०००० | |
| १९ | आयोग स्थापना दिवस | ३००००० | २२५००० | २१४५५५ | |
| २० | आयोगको रणनीतिक योजनाको मध्यावधी समिक्षा | २००००० | १५०००० | १२५२६० | |
| २१ | स्थानीयस्तर, प्रदेशस्तर र केन्द्रीयस्तर छलफल तथा अन्तरक्रिया | ८००००० | ७५३३६५ | ७२३९७० | |
| २२ | लक्षित वर्गको हकहितका विषयमा स्थानीय पहुँच कार्यक्रम | १००००० | १००००० | १००००० | |
| २३ | विज्ञ समुहसँग अन्तरक्रिया | १५०००० | ११२५०० | ९४२८२ | |
| २४ | आयोगका पदाधिकारी तथा कर्मचारी क्षमता विकास कार्यक्रम | २५०००० | २१८०१० | २१७०४२ | |
| | **जम्मा** | **८००५०००** | **६३९७९८३** | **५६१४२९२** | |

# राष्ट्रिय समावेशी आयोगका गतिविधि झल्काउने केही तस्वीरहरू



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष आयोगको छैटौं प्रतिवेदन बुझाए पश्चात आयोगका पदाधिकारी र कर्मचारी



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष आयोगको छैटौं प्रतिवेदन बुझाए पश्चात आयोगका पदाधिकारी र सचिव




.....................................................



आयोगमा स्मारीका विमोचन कार्यक्रम




आयोगमा रणनीति समिक्षा एवम् स्मारीका विमोचन कार्यक्रममा सामूहिक तस्विर




आयोग दिवसको अवसरमा आयोग परिवार




आयोग दिवसको अवसरमा प्रमुख अतिथिसहित आयोगका पदाधिकारीहरू




आयोगका कार्यवाहक अध्यक्ष विष्णुमाया ओझाको बिदाई कार्यक्रम



आयोगका कार्यवाहक अध्यक्ष हरिदत्त जोशीलाई स्वागत गर्दै
मान प्रसाद खत्री र कर्मचारीहरू




रेडियो नेपालबाट प्रसारण हुने समावेशी आवाज कार्यक्रममा आयोगका पदाधिकारी




साँफेबगर नगरपालिकामा संचालित पिछडिएको क्षेत्रसँग सम्बन्धित कार्यक्रममा सामूहिक तस्विर



बाजुरा जिल्लाको बडीमालिका नगरपालिका, पिछडिएको क्षेत्रसँग सम्बन्धित कार्यक्रम



बर्दिया जिल्लाको मधुवन नगरपालिकामा संचालित पिछडा वर्ग सम्बन्धी कार्यक्रममा प्रदेश सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनासँग सामूहिक तस्विर



लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री मा. जन्मजय तिमिल्सिना राष्ट्रिय समावेशी आयोगमा




समावेशी शिक्षा सम्बन्धमा विज्ञहरुसँग छलफल तथा अन्तरक्रिया सम्बन्धित कार्यक्रम राष्ट्रिय समावेशी आयोगमा



अपाङ्गता सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम राष्ट्रिय समावेशी आयोगमा




म्याग्दी जिल्ला बेनी नगरपालिकामा आदिवासी र आदिवासी जनजातीको पहिचान सम्बन्धित कार्यक्रममा




म्याग्दी जिल्लाको चंखेली गाउँपालिकामा आदिवासी र आदिवासी जनजातीको पहिचान सम्बन्धित कार्यक्रममा



प्रदेश स्तरीय कार्यक्रम, लुम्बिनी प्रदेश




मुस्ताङ जिल्लाको लो–घेकर दामोदरकुण्ड गाउँपालिकामा अल्पसंख्यक पहिचान सम्बन्धी अन्तरक्रिया कार्यक्रममा




आयोगका माननिय सदस्य टिकापुर नगरपालिका मेयरका साथमा




सल्यान जिल्लाको शारदा नगरपालिकामा राज्यका संरचनामा किसानको पहुँच तथा प्रतिनिधित्व सम्बन्धी अन्तरक्रिया कार्यक्रममा




रूकुम पूर्व जिल्लाको सिस्ने गाउँपालिकामा राज्यका संरचनामा किसानको पहुँच तथा प्रतिनिधित्व सम्बन्धी अन्तरक्रिया कार्यक्रममा




प्युठान जिल्लाको प्युठान नगरपालिकामा लक्षित वर्गको हकहितका सम्बन्धी अन्तरक्रिया कार्यक्रममा



बागलुङ्ग जिल्लाको गल्कोट नगरपालिकामा सीमान्तकृत समुदायको पहिचानका आधार सम्बन्धी अन्तरक्रिया कार्यक्रममा




भोजपुर जिल्लाको भोजपुर नगरपालिकामा स्थानीय तहमा समावेशीकरणका लागी व्यवस्था र कार्यान्वयनको अवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रममा



मोरङ जिल्लाको विराटनगर महानगरपालिकामा श्रम कानून कार्यान्वयनको वर्तमान अवस्था र आगामी कार्यदिशा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रममा




राष्ट्रिय समावेशी आयोगमा हाल कार्यरत पदाधिकारी